


# हाम्रो अधिकारलाई जलाउन बन्द गर!

## मानव जातिलाई जलवायु सङ्कटबाट बचाउन सरकार र व्यापारिक प्रतिष्ठानहरूले के गर्नुपर्छ ?

एम्नेस्टी इन्टरनेसनल

**हामी सबैले हाम्रो मानवअधिकार उपभोग गर्न सकौं भन्नका लागि सबैमा अन्तर्निहित मानवतालाई परिचालन गर्दै अभियान सञ्चालन गर्ने एक करोड भन्दा बढी मानिसको अभियान हो एम्नेस्टी इन्टरनेसनल।**

**हामीले यस्तो संसारको परिकल्पना गरेका छौं जहाँ सत्तामा रहेकाहरूले आफ्नो वाचा पूरा गर्ने, अन्तर्राष्ट्रिय कानुनलाई सम्मान गर्ने र जवाफदेहिता प्रदर्शन गर्ने छन्। हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र सदस्यता शुल्क तथा सार्वजनिक अनुदान हाम्रो आर्थिक श्रोत हो। संसारभरिका मानिसहरूसँग ऐक्यबद्धता र सद्भावका साथ मिलेर काम गर्दा हाम्रा समाजहरू सदाका लागि अझ राम्रो हुनेछ भन्ने कुरामा हामी विश्वास राख्दछौं।**

© एम्नेस्टी इन्टरनेसनल २०२१
अन्यथा लेखिएको अवस्थामा बाहेक यस दस्तावेजमा रहेका सम्पूर्ण विषयहरू क्रिएटिभ कमन्स लाइसेन्सभित्र पर्दछ (साभार गर्दा श्रोत खुलाउनुपर्ने, गैर-नाफामुलक प्रयोजनका निम्ति मात्र प्रयोग गर्न मिल्ने, सृजनालाई कुनै पनि तवरले परिवर्तन गरेर वितरण वा पुनःप्रकाशन गर्न नमिल्ने, अन्तर्राष्ट्रिय क्षेत्राधिकारको प्रतिलिपि अधिकार ४.०)
https://creativecommons.org/licenses/by-nc-nd/4.0/legalcode
थप जानकारीको लागि हाम्रो वेबसाइट www.amnesty.org को अनुमति (permissions) पेज भिजिट गर्नुहोस्।
एम्नेस्टी इन्टरनेसनल भन्दा बाहेकको अन्य कुनै व्यक्तिमा कन्टेन्टको प्रतिलिपि अधिकार निहित रहेको कुरा जनाइएको अवस्थामा त्यस्तो कन्टेन्टमा क्रिएटिभ कमन्स लाइसेन्स लागु हुँदैन।

प्रथम पटक अंग्रेजी संस्करण प्रकाशित गरिएको मिति सन् २०२१ जुन
प्रथम पटक नेपाली संस्करण प्रकाशित गरिएको मिति सन् २०२३ सेप्टेम्बर
पिटर बेनेन्सन हाउस, १ इस्टन स्ट्रिट
लण्डन WC1X 0DW, संयुक्त अधिराज्य

**इन्डेक्सः POL/30/3476/2021**
**प्रतिवेदन प्रकाशित भएको भाषाः अंग्रेजी**
**प्रस्तुत दस्तावेजः नेपाली भाषामा अनुवादित संस्करण**

**amnestynepal.org**

***कभर फोटोः*** *ग्लोबल क्लाइमेट याक्सन दिवसको अवसरमा सन् २०१९ सेप्टेम्बर २० मा जोहानेस्बर्गको गल्लीमा क्लाइमेट याक्सनका लागि प्रदर्शनकारीहरू गीत गाउँदै।*

*फोटो © मिशेल स्पातारी / गेटी इमेजेज मार्फत एएफपी*

एम्नेस्टी इन्टरनेसनल

# विषयसूची

**कार्यकारी सारांश** १

**जलवायु परिवर्तन एक मानवअधिकार सङ्कट हो** १

**जलवायु सङ्कटको सामना गर्न मानवअधिकार अपरिहार्य छ** ५

**जलवायु सङ्कटको सामना गर्न महत्वाकांक्षी कदम नचाल्ने कार्य मानवअधिकारको उल्लङ्घन ठहर्छ** ८

**सम्पन्न देशहरूले देश भित्र र बाहिर द्रुत गतिमा काम गर्नुपर्छ** १०

**जीवाश्म इन्धन मानवअधिकारको संरक्षणका निम्ति असंगत कुरा हो** १३

**शून्य उत्सर्जन मात्र हैन यस प्रक्रियामा मानवअधिकारको उल्लङ्घन पनि शून्य हुनुपर्छ** १५

**राष्ट्रहरूका लागि सिफारिस** १७

हरितगृह ग्याँसको उत्सर्जन चरणबद्ध तवरले तुरुन्तै बन्द गरी मानिसहरूलाई सुरक्षित गर १७

प्रभावित मानिसहरूलाई टार्नै नसकिने जलवायु परिवर्तन विरुद्धको अनुकूलनमा मद्दत गर २२

जलवायुसम्बन्धी कार्यहरू जनताका अधिकारहरूसँग अनुकूल रहने सुनिश्चित गर २३

सबैको सूचना, सहभागिता र उपचारको अधिकार सुनिश्चित गर २४

हानि र क्षतिबाट प्रभावित व्यक्तिहरूलाई उपचार प्रदान गर २६

अन्तर्राष्ट्रिय सहयोग र सहायता बढाऊ २८

जलवायु परिवर्तनका कारण विस्थापित वा विस्थापनको जोखिममा रहेका व्यक्तिहरूको मानवअधिकारको रक्षा गर ३०

सुरक्षित, स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारलाई मान्यता प्रदान गर ३३

व्यवसायहरूलाई नियमन गर ३४

व्यापारिक प्रतिष्ठानहरूका लागि सिफारिस ३६

**परिभाषा** ३९

# कार्यकारी सारांश

## जलवायु परिवर्तन एक मानवअधिकार सङ्कट हो

जलवायु सङ्कट अभूतपूर्व अनुपातको मानवअधिकार सङ्कट हो। जलवायु परिवर्तनले वर्तमान र भावी पुस्ताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको उपभोग र अन्ततः मानव जातिको भविष्यलाई नै खतरामा पार्दछ। जलवायु परिवर्तनसँग सम्बन्धित प्रभावहरूले कुनै देश वा समुदायलाई असर गर्दा त्यसको अप्रत्यक्ष प्रभावहरूले सम्मानपूर्वक बाँच्न पाउने अधिकारको उपभोगलाई गम्भीर रूपमा क्षयीकरण गर्नसक्छ, विभिन्न स्वतन्त्रताहरूलाई खतरामा पार्न सक्छ र कैयन अवस्थामा कुनै समुदायको सांस्कृतिक अस्तित्वलाई समेत जोखिममा पार्न सक्छ।

पूर्व-औद्योगिक युगको स्तरभन्दा १.१ डिग्री सेल्सियसमाथिको विश्वव्यापी तापक्रम वृद्धिको अवस्थामै हामीले गर्मीको लहर (लू) तथा अभूतपूर्व डढेलो, एकपछि अर्को गरी आउने उच्च तीव्रताको ट्रपिकल आँधीहरू (back-to-back tropical storms of high intensity) र गम्भीर किसिमको खडेरीजस्ता विनाशकारी प्रभावहरू भोगिरहेका छौं। यी घटनाहरू र समुद्री सतहको वृद्धि जस्ता जलवायु परिवर्तनको ढिलो गरी बढ्ने प्रभावहरूको मिश्रणले करोडौं मानिसहरूको बाँच्न पाउने अधिकार, पानी, खाद्य, आवास, स्वास्थ्य, सरसफाइ, पर्याप्त जीवनस्तर, रोजगारी, विकास, स्वस्थ वातावरण, संस्कृति र आत्मनिर्णयको अधिकार तथा विभेद र क्रूर, अमानवीय र अपमानजनक व्यवहारबाट मुक्त हुने अधिकार लगायतको मानवअधिकारको उपभोगमा गम्भीर असर पार्छ। यस प्रकाशनले जलवायु परिवर्तनका कारण मानिसहरू यी अधिकारहरूको उपभोगबाट कसरी वञ्चित पारिएका छन् र भविष्यमा के-कस्ता

खतराहरू छन् भन्ने विषयको वर्णन गर्दछ। उदाहरणका लागि सन् २०१३ मा फिलिपिन्समा हाइयान नामक सुपर-टाइफून पछिको अवस्थामा लगभग ६,३०० मानिसहरूको मृत्यु भयो र मोजाम्बिक, मलावी र जिम्बाबेमा सन् २०१९ का चक्रवातहरूबाट लगभग चालिस लाख व्यक्तिहरू मृत्यु र विस्थापन तथा विद्यालय, अस्पताल र सरसफाइमा पहुँच गुमाएको कारण प्रभावित भए। आन्तरिक विस्थापन अनुगमन केन्द्रका अनुसार सन् २००८ देखि सन् २०१८ को बीचमा मौसमसँग सम्बन्धित घटनाहरूका कारण हरेक वर्ष औसतमा २.०८८ करोड मानिसहरू आन्तरिक विस्थापनमा परेका थिए ।



*सन् २०१५ मा बंगलादेशको सातखिरामा सुकेको नदी तहमा देखिएका स्थानीय वासिन्दाहरू। बंगलादेश जलवायु परिवर्तनको सबैभन्दा जोखिममा रहेको महादेशीय देशहरूमा पर्दछ। त्यहाँका जनताहरू समुद्री सतहमा वृद्धि, ट्रपिकल चक्रवात, नदीद्वारा हुने भू-कटान, बाढी, पहिरो र खडेरीको जोखिममा छन्। फोटो © गेटी इमेजेज् मार्फत बारक्रफ्ट*

विश्वव्यापी औसत तापक्रमको थप वृद्धिले मानिस र पृथ्वीउपर जलवायु परिवर्तनको प्रभावलाई बढाउँछ। उदाहरणका लागि विश्व स्वास्थ्य सङ्गठनले जलवायु परिवर्तनले औलो, कुपोषण, पखाला र गर्मीले हुने तनावका कारण सन् २०३० र सन् २०५० को बीचमा प्रति वर्ष दुई लाख पचास हजार थप मृत्यु

हुने अनुमान गरेको छ। विश्व खाद्य कार्यक्रमले जलवायु परिवर्तनले सन् २०५० सम्ममा विश्वव्यापी भोकमरी र कुपोषणमा २०% वृद्धि हुने अनुमान गरेको छ। विश्वव्यापी तापक्रममा २ डिग्री सेल्सियसको वृद्धिले १ अर्बभन्दा बढी मानिसहरू जलस्रोतमा हुने चरम ह्रासबाट पीडित हुनेछन्।

विश्वव्यापी तापक्रमको वृद्धिलाई १.५ डिग्री सेल्सियस भित्र कायम राख्नु अपरिहार्य छ भन्ने कुरा वैज्ञानिकहरूले पुष्टि गरेका छन्। उदाहरणका लागि जलवायु परिवर्तनसम्बन्धी अन्तर्सरकारी प्यानल (IPCC) ले विश्वव्यापी औसत तापक्रममा वृद्धि २ डिग्री सेल्सियसको तुलनामा १.५ डिग्री सेल्सियसमा कायम गर्दा अत्यधिक गर्मीको लहर (लू) को सामना गर्ने मानिसहरूको सङ्ख्या ४२ करोडले कम हुने, जलवायु परिवर्तनको प्रभावले हुने पानीको तनाव सामना गर्ने मानिसहरूको सङ्ख्या ५०% ले कम हुने र विकासोन्मुख साना टापु राष्ट्रहरूको निम्ति तटीय बाढीको जोखिम ८०% सम्म कम हुने अनुमान गरेको छ। १.५ डिग्री सेल्सियसको मापदण्ड (threshold) अझै पनि हासिल गर्न सकिन्छ तर यसका निम्ति तत्काल र व्यापक उपायहरू आवश्यक छ र यसको निम्ति काम गर्ने समय सीमा द्रुत रूपमा साँघुरिदैछ। एक पटक कार्बन उत्सर्जन शून्यमा ल्याएपछि राज्यहरूले हालको विश्वव्यापी औसत तापक्रमकै अवस्थामा भएको मानवअधिकारमाथिको हानिकारक प्रभावहरूलाई अझ घटाउने गरी विश्वव्यापी औसत तापक्रमको अझ सानो मापदण्ड (threshold) तोक्न आवश्यक छ।

जलवायु सङ्कट गहिरो गरी झाँगिएको अन्यायको प्रकटीकरण हो। जलवायु परिवर्तन सबैलाई असर पारिरहेको विश्वव्यापी समस्या भएपनि यसले पहिले देखि नै विविध र अन्तरविभाजक (intersecting) स्वरूपहरूको विभेदमा रहेका वा संरचनात्मक असमानता वा स्रोत, शक्ति र विशेषाधिकारको अनुचित वितरण गर्ने गहिरो जरा गाडेर व्याप्त रहेको अभ्यास वा आधिकारिक नीतिहरूको कारणले सीमान्तीकरणमा पारिएका व्यक्ति र समूहहरूलाई असमानुपातिक रूपमा असर गर्छ। उदाहरणका लागि महिलाहरूलाई प्रायः प्राकृतिक स्रोतहरूमा बढी निर्भर रहने भूमिका र कामहरूमा सीमित गरिएको हुन्छ जसले

गर्दा उनीहरू जलवायु परिवर्तनका प्रभावहरूको थप जोखिममा पर्दछन्। उनीहरूले वित्तीय वा प्राविधिक स्रोतहरू उपरको पहुँचमा बाधाको सामना गर्ने हुँदा वा उनीहरूलाई भूमिको स्वामित्वबाट वञ्चित गरिने हुँदा उनीहरूको जलवायु परिवर्तनसँगको अनुकूलनको क्षमता कम रहन्छ। आदिवासी जनजातिहरू आफ्नो जीविकोपार्जन, आवास, औषधी र सांस्कृतिक पहिचानको लागि प्राकृतिक वातावरणमा अत्यधिक निर्भर हुने हुँदा र जबर्जस्ती निष्कासनको इतिहासको कारणले गर्दा उनीहरू प्रायः जलवायुसम्बन्धी प्रकोपहरूको जोखिमयुक्त क्षेत्रमा बसोवास गर्ने हुँदा उनीहरू जलवायु परिवर्तनको प्रभावबाट सबैभन्दा पीडित समूहहरूमध्ये पर्छन्। अपाङ्गता भएका व्यक्तिहरू अन्य मानिसहरूको तुलनामा जलवायु प्रकोपको समयमा बढी जोखिममा हुन्छन् र उनीहरूको आवश्यकता र आवाजलाई विपद् जोखिम न्यूनीकरणसम्बन्धी रणनीतिहरूमा सामान्यतया बेवास्ता गरिन्छ। यस प्रकाशनले यी समूहहरूका साथै लिङ्ग, वर्ग, जात, जाति, अल्पसङ्ख्यक स्थिति, अपाङ्गता, उमेर र आप्रवासनको अवस्थाको (migration status) आधारमा सीमान्तीकरणमा पारिएका अन्य मानिसहरूलाई जलवायु परिवर्तनले के कसरी प्रभाव पार्छ भन्ने कुरा सविस्तार गर्दछ।

विकासशील देशका जनताहरू, विशेषगरी विकासोन्मुख साना टापु राष्ट्रहरू र अल्प विकसित देशका जनताहरू जलवायुसम्बन्धी विपद्को भोगाइले मात्र नभई उपनिवेशवादको दुरगामी परिणाम लगायत जलवायुसम्बन्धी विपद्को प्रभावलाई वृद्धि गर्ने अन्तर्निहित राजनीतिक तथा आर्थिक-सामाजिक कारणहरूले पनि जलवायु सङ्कटबाट असमान रूपमा प्रभावित हुन्छन्। जलवायु परिवर्तनले औपनिवेशिकताको प्रभावलाई स्थायी बनाउने मात्र नभई वास्तवमा यो औपनिवेशिक साम्राज्यहरू स्थापना गरेका राष्ट्र र उनीहरूले छाडेर गएका आप्रवासी समाजहरूमा आधारित राष्ट्रहरूद्वारा गरिएको वायुमण्डलीय उपनिवेशीकरणको नयाँ स्वरूप हो। जलवायु वैज्ञानिक जेम्स ह्यान्सन र माकिको सातोले सन् १७५१ देखि २०१४ को बीचमा संयुक्त राज्य अमेरिका, बेलायत र जर्मनीको हरितगृह ग्याँसको प्रतिव्यक्ति उत्सर्जन विश्वव्यापी औसत भन्दा कम्तिमा छ गुणा बढी थियो भन्ने देखाएका छन्।

त्यसै समयमा रसिया, क्यानाडा र अष्ट्रेलियाले विश्वव्यापी औसतको चारदेखि पाँच गुणा हरितगृह ग्याँसको उत्पादन गरेका छन्। "जलवायु परिवर्तनको लागि जिम्मेवारी"ले विश्वभरका विशेषाधिकारहरू (privilege)लाई नजिकबाट अनुगमन गर्ने गर्दछ। अक्स्फाम (OXFAM)का अनुसार सन् १९९० देखि २०१५ को बीचमा विश्वको जनसंख्याको सबैभन्दा धनी १०% (लगभग ६३० मिलियन) मानिसहरू कुल उत्सर्जित कार्बनको आधा भन्दा बढीका लागि जिम्मेवार थिए भने सबैभन्दा गरीब ५०% (लगभग ३.१ बिलियन) मानिसहरू कुल उत्सर्जित कार्बनको केवल ७% उत्सर्जनका लागि जिम्मेवार थिए। संसारको जनसंख्याको गरिब आधा हिस्साले गरेको कार्बन डाइअक्साइड उत्सर्जनको तुलनामा संसारको सबैभन्दा धनी १% जनसंख्या दोब्बर भन्दा बढी कार्बन डाइअक्साइड उत्सर्जनको लागि जिम्मेवार थियो।

# जलवायु सङ्कटको सामना गर्न मानवअधिकार अपरिहार्य छ

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत राज्यहरूको जलवायु सङ्कटको सामना गर्नुपर्ने कानूनी र बाध्यकारी दायित्वहरू छन्। राज्यहरूले जलवायु परिवर्तनबाट हुने अनुमान गर्न सकिने (foreseeable) दिर्घकालीन हानिहरूसहित मानवअधिकारसम्बन्धी हानिलाई रोक्नको निम्ति पर्याप्त उपायहरू लिन विफल भएको खण्डमा उनीहरूले मानवअधिकार कानुनअन्तर्गतको आफ्नो दायित्वहरू उल्लङ्घन गरेको ठहर्छ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले कानुनी रूपमा बाध्यकारी विस्तृत दायित्वहरू प्रदान गरेको छ जसलाई जलवायु परिवर्तनसम्बन्धी प्रभावकारी नीति र उपायहरूको माग गर्न प्रयोग गर्न सकिन्छ। राज्यहरूको कानुनी दायित्व कार्यान्वयनमा ल्याउनको निम्ति मानवअधिकार कानुनले विस्तृत माध्यमहरू पनि प्रदान गर्दछ। त्यसैगरी मानवअधिकारका सिद्धान्त र

मापदण्डहरूले जलवायु सङ्कटको सम्बन्धमा व्यवसायहरूको जिम्मेवारी स्थापित गर्न महत्त्वपूर्ण मार्गदर्शन प्रदान गर्दछ। तसर्थ जलवायु परिवर्तनसँग सम्बन्धित मानवअधिकारसम्बन्धी हानिहरूका लागि राज्य र व्यवसायहरूलाई जिम्मेवार बनाउन मानवअधिकार अत्यावश्यक छ।

जलवायु परिवर्तनलाई सामना गर्नको लागि न्यायपूर्ण र द्रुत प्रतिक्रियाको माग गर्ने अभियान सञ्चालन गर्न प्रेरित मानिसहरूको दायरा फराकिलो बनाउन पनि जलवायु आपतकाललाई (climate emergency) एक मानवअधिकार सङ्कटको रूपमा स्वीकार्नु महत्त्वपूर्ण छ। वातावरण संरक्षणको आधार मात्रै लिनु भन्दा मानवअधिकारको आधार लिएर अभियान र वकालत गरेको खण्डमा पेश गर्न सकिने तर्कहरूको कारणले वा जलवायुसम्बन्धी कार्यको समाजमा बृहत् समर्थन छ भन्ने दर्शाउन सकिने कारणले गर्दा निर्णयकर्ताहरूलाई मानवअधिकार अनुकूल जलवायुसम्बन्धी कार्यको पक्षमा निर्णयहरू लिन उत्प्रेरित गर्न सक्छ।

संयुक्त राष्ट्रसङ्घका विभिन्न निकाय तथा विशेषज्ञहरू, नागरिक समाज संस्थाहरू र आदिवासी जनजातिहरूद्वारा चित्रण गरिए अनुरूप जलवायुसम्बन्धी कार्यलाई सबलीकरण गर्न मानवअधिकार अपरिहार्य छ। जलवायुसम्बन्धी उपाय तथा नीतिहरू मानवअधिकार अनुकूल भएको एवं जलवायुसम्बन्धी उपाय तथा नीतिहरू जनसहभागिता, आदिवासी जनजातिको स्वतन्त्र र सूचित पूर्वसहमति, समानता, गैर-विभेद र श्रमसम्बन्धी अधिकारको सम्मान जस्ता मानवअधिकारका सिद्धान्तहरूमा केन्द्रित रहेको कुरा सुनिश्चित गर्नु राज्यहरू सम्मिलित भएका मानवअधिकार सन्धिहरूमा आधारित कानुनी दायित्व हो। विश्वव्यापी तापक्रमलाई १.५ डिग्री सेल्सियस वा सोभन्दा कममा सीमित गर्नका लागि जुन गति र मापनको शून्य-कार्बन अर्थतन्त्रमा रूपान्तरण आवश्यक छ त्यो गति र मापन सुनिश्चित गर्नुका साथै त्यसबाट अति सीमान्तकृत तथा गरिबीमा बाँचीरहेकाहरूलाई असमान असर नपर्ने कुरा सुनिश्चित गर्नका लागि पनि मानवअधिकार एक प्रभावकारी तरिका हो। मानवअधिकारका सिद्धान्त र मापदण्डहरूको परिपालनाका साथै यी अधिकारहरूको कार्यान्वयनका लागि मानवअधिकारसँग सम्बन्धित संयन्त्र,

उपकरण र रणनीतिहरू प्रयोग गर्नाले मानिस र वातावरणमा वास्तविक सकारात्मक परिवर्तन ल्याउन महत्वाकांक्षी जलवायु कार्यलाई आकार दिनका लागि महत्त्वपूर्ण योगदान पुग्न सक्छ र पुगेको छ।

महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, आप्रवासी र शरणार्थी जस्ता जलवायु सङ्कटबाट सबैभन्दा बढी प्रभावित समूहहरूलाई पीडितको रूपमा मात्र हेरिनु हुँदैन। सबैजनाले उनीहरूलाई जलवायु परिवर्तनलाई सामना गर्ने स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयासका निम्ति प्रमुख माध्यम र नेतृत्वको रूपमा मान्यता दिनुपर्छ।

यस प्रकाशनले अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्ड र मानवअधिकारको मुद्दाको रूपमा जलवायु परिवर्तनको विषय एवं न्यूनीकरण, अनुकूलन र हानि तथा क्षति जस्ता जलवायु परिवर्तनसम्बन्धी मुख्य मुद्दाहरूसँग यी मापदण्डहरूको सान्दर्भिकताका बारेमा एम्नेस्टी इन्टरनेसनलको विश्लेषण प्रस्तुत गर्दछ। यसले जलवायु सङ्कटलाई सम्बोधन गर्नका लागि मानवअधिकारको दृष्टिकोण अवलम्बन गर्नुको महत्त्वका बारेमा व्याख्या गर्दछ र जलवायु परिवर्तनले कसरी मानवअधिकारको उपभोगमा नकरात्मक असर पार्नुका साथै असमानता र विभेदलाई झन् विकराल बनाउछ भन्ने उजागर गरेको छ। यस दस्तावेजले राज्यका उत्तरदायित्व र कर्पोरेटहरूको जिम्मेवारीलाई सकेसम्म स्पष्ट ढङ्गमा व्याख्या गरेको छ।

यस दस्तावेजमा वर्णन गरिएको एम्नेस्टी इन्टरनेसनलको धारणा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय र क्षेत्रीय सन्धि निकाय तथा अदालतहरूद्वारा विकसित मानवअधिकार कानुनमा आधारित छन्। संयुक्त राष्ट्रसंघ, क्षेत्रीय निकायहरू, स्वतन्त्र मानवअधिकार विशेषज्ञहरू, गैरसरकारी संस्थाहरू, *थिङ्क ट्याङ्क*हरू र प्राज्ञिकहरूले विगत एक दशकमा गरेका कार्यहरूका साथै जलवायु न्यायको लडाईको अग्रपंक्तिमा रहेका सामाजिक आन्दोलनहरू र भूईं तहका समूहहरूको सक्रियताबाट पनि यस दस्तावेजमा वर्णन गरिएको एम्नेस्टी इन्टरनेसनलका धारणाहरू सुसूचित छन्।

# जलवायु सङ्कटको सामना गर्न महत्वाकांक्षी कदम नचाल्ने कार्य मानवअधिकारको उल्लङ्घन ठहर्छ

आसन्न प्रकोपबाट बच्नका लागि आवश्यक पर्ने भनी वैज्ञानिकहरूले हामीलाई बताएका साहसी र अभूतपूर्व उपायहरू लागु गर्ने राजनीतिक इच्छाशक्ति कैयौं सरकार र विशेषगरी उत्सर्जन गर्ने मुख्य देशका सरकार र जलवायु सङ्कटको लागि ऐतिहासिक रूपमा जिम्मेवार राष्ट्रका सरकारहरूले अझै पनि राख्दैनन्। सन् २०१५ मा अपनाइएको सरकारहरूको पहिलो चरणको उत्सर्जन घटाउने योजनाहरूले हामीलाई सन् २१०० सम्ममा कम्तिमा ३ डिग्री सेल्सियसको वृद्धि हुने बाटोमा डोर्याउँछ। सन् २०३० लक्ष्य र कार्बन तटस्थतासम्बन्धी अन्य धेरै लक्ष्यहरू हालै घोषणा गरिएका छन् तर धेरै देशहरू - विशेष गरी *जि २०* का धनी सदस्य देशहरू हाल जलवायु परिवर्तनको कारण मानवअधिकारमा हुने सबैभन्दा खराब प्रभावबाट बच्न योगदान पुर्याउने खालको पर्याप्त महत्वाकांक्षी र मानवअधिकार अनुकूल जलवायु योजनाहरू अपनाउन असफल भइरहेका छन्। विश्वव्यापी तापक्रम वृद्धिको अनुमानित स्तरसँग सम्बन्धित प्रभावहरू मानवअधिकारको उपभोगका निम्ति विनाशकारी हुने भएकाले हालको हरितगृह ग्याँस उत्सर्जनको अन्तर मानवअधिकारको दृष्टिकोणमा एउटा प्रमुख चिन्ताको विषय हो।

जलवायु परिवर्तनका कारण र त्यसले निम्त्याउने हानिहरूका बारे विस्तृत ज्ञान हुँदाहुँदै पनि जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न पर्याप्त कदम चाल्न विफल रहनु, यसका अवश्यम्भावी प्रभावहरूसँग अनुकूलन गर्न मानिसहरूलाई सहायता प्रदान गर्न विफल रहनु र जलवायुसम्बन्धी प्रभावहरूबाट हुने हानि तथा क्षतिको परिणामस्वरूप मानवअधिकार उल्लङ्घन भएकाहरूलाई उपचार उपलब्ध गराउन विफल रहनु मानवअधिकारको उल्लङ्घन ठहर्छ। जलवायुसम्बन्धी कार्यहरूका सवालमा अपर्याप्त महत्वाकांक्षा राख्नाले हुने मानवअधिकार उल्लङ्घन अन्य मानवअधिकार उल्लङ्घन

भन्दा फरक छैन, यस उल्लङ्घनको क्षेत्र झन् ठूलो हुन्छ। यसले लाखौं मानिसहरूलाई भविष्यमा मात्रै होइन वर्तमानमै पनि अकाल मृत्यु, भोक, रोग र विस्थापनमा पुर्याउँदछ। यसले द्वन्द्व सिर्जना गराई मानवअधिकार उल्लङ्घनको श्रृङ्खला पैदा गर्नमा योगदान गर्छ। यसले प्रणालीगत अन्यायहरूबाट पहिल्यैदेखि उत्पीडित भएकाहरू विरुद्धको विभेद र वर्तमानका असमानताहरूलाई निरन्तरता दिनुका साथै अझ थप वृद्धि गर्दछ। जलवायु सङ्कटलाई पर्याप्त रूपमा सम्बोधन गर्न असफल हुनु विभेदकै एक रूप हो।




*सन् २०१९ सेप्टेम्बर २० मा पेरिसमा विश्व जलवायु मार्चमा सहभागी हुँदै एम्नेस्टी इन्टरनेसनल फ्रान्सका समर्थकहरू।*
*फोटो © बेन्जामिन जिरेट / हान्स लुकास*

# सम्पन्न देशहरूले देश भित्र र बाहिर द्रुत गतिमा काम गर्नुपर्छ

जलवायु परिवर्तनको अन्तरदेशीय प्रकृतिले गर्दा सबै देशहरूले उत्सर्जन घटाउनुपर्ने, शून्य कार्बन उत्सर्जनलाई सकेसम्म छिटो हासिल गर्नुपर्ने र मानिसहरूलाई उनीहरूको क्षमताको पूर्ण हदसम्म जलवायु परिवर्तनसँग अनुकूलन गराउने कार्य गर्नुपर्ने हुन्छ। यद्यपि यसको मतलब जलवायु सङ्कटका लागि सबै राष्ट्रहरू समान रूपमा जिम्मेवार छन् भन्ने होइन र राष्ट्रहरूको जलवायु कार्यका लागि समान स्तरको दायित्व पनि छैन। जी-२० देशहरू हालको विश्वव्यापी वार्षिक उत्सर्जनको ७८% का लागि जिम्मेवार छन् जसमध्ये केहीले ऐतिहासिक रूपमा औद्योगिक क्रान्तिको सुरुवातदेखि नै उत्सर्जन गर्दै आएका कारण उनीहरूको जिम्मेवारी अन्यको भन्दा धेरै रहन्छ। साथै, ऐतिहासिक रूपमा सबैभन्दा उच्च उत्सर्जन गर्ने देशहरू धनी राज्यहरूमध्ये पर्दछन् र उनीहरूसँग यसका सवालमा केही गर्ने क्षमता अरूसँग भन्दा बढी रहेको छ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनमा पनि अप्रत्यक्ष रूपमा प्रतिबिम्बित भएको साझा तर फरक जिम्मेवारी तथा फरक फरक सामर्थ्य अनुरूप धनी देशहरूले जीवाश्म इन्धन उत्पादनको विस्तार रोक्ने कार्य लगायत आफ्नो अर्थतन्त्रलाई विकासोन्मुख देशहरूको तुलनामा छिटो कार्बनरहित तुल्याएर जलवायु न्यूनीकरण प्रयासहरूमा नेतृत्व लिनुपर्छ। यद्यपि अहिलेसम्म बहुसङ्ख्यक धनी देशहरूले छिटो काम गर्ने इच्छा देखाएका छैनन्। धनी देशहरूको लागि सन् २०५० सम्म खुद-शून्य (net zero) उत्सर्जनको लक्ष्यहरू “साह्रै थोरै, साह्रै ढिलो” रहेको छ।

अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको आफ्नो दायित्वको आधारमा धनी देशहरूले विकासोन्मुख देशहरूलाई उनीहरूको जलवायुको प्रभाव न्यूनीकरणसम्बन्धी लक्ष्यहरू पूरा गर्न, प्रभावकारी जलवायु परिवर्तन अनुकूलनका उपायहरू लागु

गर्न र जलवायु सङ्कटका कारण हानि र क्षति व्यहोरेका जनताहरूलाई क्षतिपूर्ति तथा अन्य प्रकारका उपचारहरू उपलब्ध गराउन पर्याप्त वित्तीय तथा अन्य सहायता प्रदान गर्नुपर्छ।

तर धनी देशहरू यस दायित्वको पालनामा विफल भइरहेका छन्। विकासोन्मुख देशहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनको लागि सहायता प्रदान गर्ने अन्तर्राष्ट्रिय जलवायु वित्तको रकम बढ्दै गएको भए पनि यो विश्वव्यापी औसत तापक्रमको वृद्धिलाई पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसको वृद्धि भन्दा कम राख्न र विकासशील देशहरूका मानिसहरूको लागि अनुकूलनका प्रयासहरू अत्यधिक बोझिलो नबनोस् भन्ने कुरा सुनिश्चित गर्न धेरै नै अपर्याप्त छ। विशेष गरी विकासोन्मुख देशहरूलाई जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका उपायहरूका निम्ति सहयोग गर्न विकसित देशहरूले संयुक्त रूपमा सन् २०२० सम्ममा वार्षिक १०० अर्ब अमेरिकी डलर परिचालन गर्ने लक्ष्य लिए पनि सो लक्ष्य उल्लेख्य (significant) रूपमा पूरा हुन सकेको छैन। साथै, उपलब्ध गराइएको रकमको ठूलो हिस्सा सहायताको रूपमा नभई ऋणको रूपमा दिइएको छ, जसमध्ये आधा गैर अनुदान रकम थिए अर्थात् अनुदार सर्तहरूसाथ ऋणहरू प्रस्ताव गरिएको थियो। यसका साथै, राष्ट्रहरू हालसम्म जलवायु परिवर्तनका प्रभावहरूबाट हुने हानि र क्षतिका निम्ति नयाँ तथा थप वित्त परिचालन गर्ने पर्याप्त संयन्त्रहरूमा सहमत हुन विफल भएका छन्।

आफ्नो उचित हिस्सा (fair share) तिर्न इन्कार गर्ने धनी देशहरूले जलवायु परिवर्तनसम्बन्धी घटनाहरूबाट विस्थापित भएका लाखौं मानिस र अस्तित्वको खतरा सामना गरिरहेका न्यून तटीय उचाई भएका प्रशान्त टापुका बासिन्दाहरूलाई व्यवहारतः बेवास्ता गरिरहेका छन् ।



*नाइजर डेल्टास्थित कच्चा इन्धन निकासी साइटबाट ग्यासको आगो बलिरहेको, एप्रिल २०१०।*
*फोटो © एसयू - आना ट्रेस्स*

# जीवाश्म इन्धन मानवअधिकारको संरक्षणका निम्ति असंगत कुरा हो

लगभग सबै आर्थिक क्षेत्रहरूको लागि सबैभन्दा धेरै हरितगृह ग्याँस उत्सर्जनको स्रोत कोइला, तेल र ग्याँस जस्ता जीवाश्म इन्धनहरू जलाउनु नै हो र यसले विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जनको ७०% भन्दा बढी हिस्सा ओगटेको छ। जलवायु सङ्कटसम्बन्धी अपरिहार्यता र पेरिस सम्झौताअन्तर्गत राज्यहरूले गरेका प्रतिबद्धताहरूको बाबजुद् सन् २०१० र २०१८ को बीचमा जीवाश्म इन्धनको प्रयोगबाट हुने कार्बन उत्सर्जन वार्षिक रूपमा लगभग १% ले बढ्यो। सन् २०१८ को तुलनामा सन् २०१९ मा उत्सर्जन थोरै बढ्यो र कोभिड-१९ महामारीको कारण सन् २०२० मा ५.८% ले घट्यो। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सन् २०२१ मा यो ४.८ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ जुन इतिहासमै दोस्रो ठूलो वार्षिक वृद्धि हुन सक्छ। सन् १९९० मा जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय वार्ताहरू सुरु हुँदाको उत्सर्जन भन्दा हालको कुल कार्बनडाइअक्साइड उत्सर्जन ६२% बढी छ।

विश्वको औसत तापक्रमलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्नका लागि समग्र जीवाश्म इन्धन उत्पादनमा प्रति वर्ष करीब छ प्रतिशतले कटौती गर्नुपर्ने हुन्छ। तथापि सन् २०२० मा संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमको हिसाबअनुसार देशहरूले बरू वार्षिक २% वृद्धि गर्ने योजना बनाइरहेका थिए। कोभिड-१९ महामारी र यसको आर्थिक परिणामहरूको प्रतिक्रियास्वरूप धेरै धनी औद्योगिक देश र राज्यहरूले जीवाश्म इन्धन कम्पनीहरू, उड्डयन उद्योग र अन्य कार्बन-प्रदूषक कम्पनीहरूलाई बिना शर्त उनीहरूको ऋण चुक्ता गर्न (bail out) वा समर्थन गर्न सार्वजनिक रकम प्रयोग गरेका छन्।

जलवायु परिवर्तनसम्बन्धी अन्तर्सरकारी प्यानल (आइपिसिसि)ले तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियस भन्दा कममा सीमित राख्ने एक मात्र तरिका भनेको जीवाश्म इन्धनको प्रयोगलाई तुरुन्तै बन्द गर्नु (phase-out) हो भन्ने

पुष्टि गरेको छ। यसका लागि माग र आपूर्ति दुवै पक्षलाई सम्बोधन गर्न आवश्यक छ। आपूर्ति पक्षमा जीवाश्म इन्धनको अन्वेषण, निकासी, उत्पादन, विदेशमा आपूर्ति र सम्बन्धित लगानीमा रोक लगाउने कार्य सहित त्यसको उत्पादनलाई घटाउने कार्यहरू पर्दछन्। माग पक्ष सम्बोधन गर्ने कार्यमा ऊर्जा प्रयोगको दक्षता (energy efficiency) प्रवर्धन गर्ने, मानवअधिकारको उल्लङ्घन नहुने गरी जिम्मेवार रूपमा उत्पादन हुने नवीकरणीय ऊर्जामा पहुँचको सहजीकरण गर्ने, ऊर्जाको उत्पादन र प्रयोगलाई जीवाश्म इन्धनबाट नवीकरणीय ऊर्जामा अवस्थान्तरण गर्न वित्तीय र अन्य प्रोत्साहन र निरुत्साहनहरू अवलम्बन गर्ने र व्यवहार परिवर्तनलाई प्रवर्धन गर्ने कार्यहरू पर्दछन्।

त्यसैले यदि हामीले मानवअधिकारको उपभोगमा जलवायु सङ्कटको सबैभन्दा खराब प्रभावलाई न्यूनीकरण गर्न सकिने स्तरमा उत्सर्जनलाई घटाउने हो भने जीवाश्म इन्धनमा दिइएका अनुदानहरूलाई अन्त्य गर्नुका साथै जीवाश्म इन्धनको उत्पादन र प्रयोगलाई द्रुत गतिमा बन्द गर्नु एक अत्यावश्यक कार्य हो। साथै सबैको लागि ऊर्जामा पहुँचलाई सहजीकरण गर्न र यसो गर्ने क्रममा पहिलेदेखि नै सीमान्तकृत वा पिछडिएका समुदाय र व्यक्तिहरूलाई हानि नपुगोस् भन्ने सुनिश्चित गर्न नवीकरणीय ऊर्जा र शून्य-कार्बन अर्थतन्त्रमा अवस्थान्तरण न्यायोचित, दिगो र मानवअधिकार सुसंगत हुनुपर्छ। उदाहरणका लागि जलवायु परिवर्तन न्यूनीकरण र वन संरक्षण परियोजनाहरूले जबर्जस्ती निष्कासन विरुद्ध कुनै प्रकारको कानुनी सुरक्षा रहने गरी पुर्ख्यौली भूमिमा भोगाधिकारको सुरक्षाको सुनिश्चितता सहित आदिवासी जनजातिहरूको अधिकारलाई सबलीकरण गर्नुपर्छ। सब्सिडी, अनुदान र कर सुधारहरूमार्फत न्यून आय भएका समूहहरूलाई प्रतिगामी प्रभावहरूबाट जोगाएर मुख्य रूपमा जीवाश्म इन्धन व्यवसायहरू र सम्बद्ध उपभोक्ताहरूमा बोझ राखेर र मितव्ययी ऊर्जामा उनीहरूको पहुँच सुनिश्चित गरेर कार्बन करले असमानताहरूलाई गहिरो बनाउनुको सट्टा घटाउनुपर्छ।

१.५ डिग्री सेल्सियसको अपरिहार्यता र आ-आफ्नो क्षमतासँग मेल खाने समय सीमाभित्र जीवाश्म इन्धनलाई फेज आउट गर्न विफल भएका राज्यहरूले मानवअधिकार उल्लङ्घन गरिरहेका छन्। त्यसैगरी, उत्सर्जन घटाउने पर्याप्त उपायहरू अवलम्बन नगरी १.५ डिग्री सेल्सियसको अपरिहार्यतासँग मेल नखाने गरी जीवाश्म इन्धनको उत्पादन र प्रयोगलाई अगाडि बढाउने वित्तीय संस्थालगायतका कम्पनीहरूले मानवअधिकारको उल्लङ्घन गर्दैछन् र मानवअधिकारको क्षतिको लागि जिम्मेवार छन्।

# शून्य उत्सर्जन मात्र हैन यस प्रक्रियामा मानवअधिकारको उल्लङ्घन पनि शून्य हुनुपर्छ

जलवायु परिवर्तन न्यूनीकरणको उपायका रूपमा बालीमा आधारित जैविक इन्धन वा कार्बन सङ्कलन र भण्डारणमा आधारित जैविक उर्जा (BECCS) मा अत्यधिक निर्भरताले खाद्य अधिकारमा अत्यन्तै गम्भीर प्रभाव पार्न सक्छ।

केही जलवायु न्यूनीकरण र अनुकूलनसम्बन्धी परियोजना तथा उपायहरूले मानवअधिकारको उपभोगमा नकारात्मक प्रभाव पार्न सक्छ र यिनीहरूले प्रायजसो पहिलेदेखि नै विभेद र सीमान्तीकरणको सामना गरिरहेका समूहहरूलाई असमान रूपमा असर गर्छ भन्ने कुरा राम्रोसँग दस्तावेज गरिएको छ। उदाहरणका लागि, नवीकरणीय ऊर्जाका परियोजनाहरू, बालीमा आधारित जैविक इन्धनका खेतहरू र संरक्षण परियोजनाहरू सुरु गर्दा प्रायः आदिवासी जनजाति र त्यहाँ बस्ने स्थानीय समुदायहरूको अधिकारको उल्लङ्घन हुने गर्छ।

नवीकरणीय ऊर्जाको प्रयोगमा जानका लागि र ऊर्जा उत्पादन तथा यातायातबाट हुने कार्बन उत्सर्जन घटाउन आवश्यक पर्ने विद्युतीय सवारी साधन र नवीकरणीय ऊर्जा भण्डारण र उत्पादनका लागि रिचार्ज गर्न मिल्ने ब्याट्रीहरूको ठूलो परिमाणमा उत्पादन आवश्यक छ। तर यसको लागि

महत्त्वपूर्ण खनिजहरूको उत्खननमा व्यापक वृद्धि गर्नुपर्ने हुन्छ जसका कारण अक्सर स्थानीय समुदायहरूको व्यापक मानवअधिकार उल्लङ्घन हुने तथा पानी, फोहोर र टेलिङको गैरजिम्मेवार व्यवस्थापनबाट हुने गम्भीर वातावरणीय हानि पैदा हुने हुन्छ। यो प्रायजसो जलवायु परिवर्तनबाट गम्भीर रूपमा प्रभावित भएका सुक्खा पारिस्थितिकी प्रणाली (ecosystem) मा हुने एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले देखाएको छ।

जलवायु सङ्कटलाई सामना गर्ने महत्त्वपूर्ण उद्देश्यहरूको रूपमा अर्थतन्त्रलाई डिकार्बोनाइज गर्ने र सबै समाजहरूले जलवायु परिवर्तनको प्रभावलाई सामना गर्न सक्ने भएको सुनिश्चित गर्ने कार्य पर्दछन्। यद्यपि यी उद्देश्यहरू कसरी हासिल हुन्छन् भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण छ। खर्च र बोझ बोक्न सबैभन्दा अक्षम व्यक्तिहरूमा खर्च र बोझ थोपर्नुको सट्टा अवस्थान्तरणले थप समान समाजतर्फ अगाडि बढाउनुपर्छ। यस अवस्थान्तरणसम्बन्धी नीतिहरू तय गर्ने आकार दिन समानता र सहभागिता जस्ता मानवअधिकारका सिद्धान्तहरू अवलम्बन गर्नुपर्छ।



*केन्यास्थित सेङ्वेर आदिवासी समुदायका सदस्यहरू- दुर्व्यवहारयुक्त वन संरक्षण नीतिका कारण सेङ्वेरहरूले केन्याको एम्बोबुटस्थित आफ्नो वन तथा भूमिबाट बारम्बार जबर्जस्ती निष्कासनको सामना गरेका छन्। उनीहरूले आफ्नो मानवअधिकारको रक्षा गरिरहेका छन् र उनीहरूको माग स्पष्ट छः सरकारले उनीहरूको भूमि अधिकारलाई मान्यता दिनुपर्छ र उनीहरूसँगै मिलेरै वनको संरक्षण गर्नुपर्छ।*

*फोटो © एम्नेस्टी इन्टरनेसनल*

त्यसैले राज्यहरूले जलवायु परिवर्तनका प्रभावहरूबाट मानिसहरूलाई जोगाउने उपायहरूले अन्य मानवअधिकारको उल्लङ्घन नहोस् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ र मानवअधिकारको उल्लङ्घनलाई जायज ठहराउन जलवायु परिवर्तनसम्बन्धी प्रतिकार्यलाई प्रयोग गर्नु हुँदैन। उनीहरूले जलवायु परिवर्तन र डिकार्बोनाइजेसन प्रक्रियाबाट प्रभावित सबै श्रमिक र समुदायहरूको लागि न्यायसङ्गत अवस्थान्तरण सुनिश्चित गर्दै यसलाई गरिबी घटाउने र मानवअधिकारको उपभोगमा रहेको विद्यमान असमानतालाई सच्याउने अवसरको रूपमा लिनुपर्दछ।

# राष्ट्रहरूका लागि सिफारिस

जलवायु सङ्कटलाई सामना गर्ने क्रममा मानवअधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका आफ्ना दायित्वहरूलाई कार्यान्वयन गर्न तत्काल कदमहरू चाल्न एम्नेस्टी इन्टरनेसनलले राष्ट्रहरूलाई दिएको प्रमुख सिफारिसहरू निम्न रहेका छन्।

# हरितगृह ग्याँसको उत्सर्जन चरणबद्ध तवरले तुरुन्तै बन्द गरी मानिसहरूलाई सुरक्षित गर

मानवअधिकार कानुनअन्तर्गत राज्यहरूलाई आफ्नो सरहद भित्र वा क्षेत्राधिकार भित्र राज्य, गैर राज्य कर्ता र व्यवसायहरूबाट भएका क्रिया वा अकार्यहरूका कारणले हुने वातावरणीय हानिबाट मानिस र उनीहरूको मानवअधिकारको उपभोगलाई संरक्षण गर्ने दायित्व छ। यसका लागि राज्यहरूले हरितगृह ग्याँस उत्सर्जन कम गर्न पर्याप्त कदम चालेर मानवअधिकारमा जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई रोक्न वा न्यूनीकरण गर्न आवश्यक छ। विशेष गरी राज्यहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

सहकार्यमार्फत सकेसम्म छोटो समयसीमा भित्र र विश्वव्यापी औसत तापक्रम वृद्धिलाई सकेसम्म कम राख्ने र पूर्व-औद्योगिक स्तरको तुलनामा १.५ डिग्री सेल्सियसभन्दा बढी भित्रै सिमित राख्नुपर्ने (जलवायु परिवर्तन न्यूनीकरण) अपरिहार्यतासँग मिल्ने गरी हरितगृह ग्याँसको विश्वव्यापी उत्सर्जन कम गर्न सबै सम्भाव्य कदमहरू चाल्नु पर्छ।

## विशेषगरी राष्ट्रहरूले

- नयाँ राष्ट्रिय निर्धारित योगदान (NDC) र दीर्घकालीन डिकार्बोनाईजेसन रणनीतिहरू जस्ता राष्ट्रिय जलवायुसम्बन्धी योजनाहरू अवलम्बन र कार्यान्वयन गर्नुपर्छ। यी योजनाहरू मानवअधिकारका दायित्वहरूसँग मेल खाने हुनुपर्छ, प्रत्येक राज्यको जिम्मेवारी र क्षमताको स्तरलाई प्रतिबिम्बित गर्ने हुनुपर्दछ र राज्यहरूको उत्सर्जन घटाउने लक्ष्य र सम्बन्धित कार्यान्वयन योजना र जलवायु तथा ऊर्जासम्बन्धी नीतिहरू विश्वव्यापी औसत तापक्रम वृद्धिलाई सकेसम्म कम राख्ने र पूर्व-औद्योगिक स्तर भन्दा माथि १.५ डिग्री सेल्सियसभन्दा माथि नपुर्याउने अपरिहार्यतासँग सुसंगत हुनुपर्छ;
- वास्तविक उत्सर्जन नघटाउने र मानवअधिकार सुरक्षाहरू समावेश नगर्ने कुनै पनि कार्बन व्यापारको बहुपक्षीय संयन्त्रहरू अस्वीकार गर्नुपर्छ;
- जीवाश्म इन्धनमा अनुदान दिन अन्त्य (सूलभ विद्युतमा पहुँच नभएकाहरूका लागि स्वच्छ कुकस्टोभ कार्यक्रमलाई अन्तरिम उपायको रूपमा प्रयोग गरिएको विकल्प बाहेक) बाट सुरु गर्दै, कोइला, पीट, फ्र्याकिंग, टार बालुवा जस्ता सबैभन्दा प्रदूषणकारी जीवाश्म इन्धन र उत्पादनका रूपहरूलाई उन्मूलन गर्दै तथा जीवाश्म इन्धन विस्तार तुरुन्त रोक्दै आफ्नो क्षमता र उत्सर्जनको जिम्मेवारीका आधारमा सकेसम्म छिटो जीवाश्म इन्धनको उत्पादन र उपभोगलाई बन्द गर्दै न्यायोचित अवस्थान्तरण (just transition) कार्यक्रम लागू गर्नुपर्छ;

- क्षमता र उत्सर्जनको जिम्मेवारी तथा दिगो विकास लक्ष्यहरूका आधारमा मानवअधिकारसँग सुसंगत हुने तवरले उत्पादित नवीकरणीय ऊर्जाको प्रयोगतर्फ सकेसम्म छिटो सबै जानुपर्छ र यो प्रकृयालाई सन् २०५० भन्दा ढिलो नहुने गरी पूरा गर्नुपर्दछ;

- अदिगो र शोषणकारी कृषि तथा खाद्य प्रणालीबाट दिगो र मानवअधिकार संगत कृषि तथा भूमि व्यवस्थापनका अभ्यासहरूतर्फ न्यायोचित अवस्थान्तरणको प्रवर्धन र सहजीकरण गर्ने सार्वजनिक नीतिहरूका साथै खाद्य प्रणालीमा दिगो र मानवअधिकार संगत नीतिहरू अवलम्बन गर्नुपर्छ;

- जीविकोपार्जन र खाना, पानी र आवासको पहुँचका लागि भूमिमा आश्रित समुदायहरू लगायत सबैका लागि भूमिमा पहुँच र भूसम्बन्धको कानुनी सुरक्षा सुनिश्चित गर्नुपर्छ;

- सन् २०३० सम्ममा वन विनाश अन्त्य गर्न र प्राकृतिक वनहरूको पुनर्स्थापना गर्न प्रभावकारी नीतिहरू अवलम्बन गरी कार्यान्वयन गर्नुपर्छ;

- मानवअधिकार र वातावरणीय जोखिमहरूलाई पूर्ण रूपमा ध्यानमा राखेर जलवायु न्यूनीकरण उपायको रूपमा जैविक ऊर्जाको प्रयोगको समीक्षा गर्नुपर्छ। विशेषगरी, वन पैदावार जैविक राश र बालीमा आधारित जैविक इन्धनबाट जैविक ऊर्जाको उत्पादन र प्रयोगमा लगाइएको अनुदान र कर छुटहरू हटाउनुपर्छ। राज्यहरूले जैविक ऊर्जा परियोजनाहरूलाई स्वीकृति प्रदान गर्नु अघि आदिवासी जनजाति र स्थानीय समुदायहरूको अर्थपूर्ण सहभागिता र आदिवासी जनजातिहरूको स्वतन्त्र, सुसूचित र पूर्व स्वीकृतिको अधिकारको सम्मान गर्ने तवरले उनीहरूसँग मानवअधिकार प्रभाव मूल्याङ्कन र परामर्शहरू हुने कुरा पनि सुनिश्चित गर्नुपर्दछ;

- मानिसहरूको मानवअधिकार उल्लङ्घन गर्ने कार्बनडाईअक्साईड हटाउने संयन्त्र तथा अन्य सन्तुलनकारी उपायहरूबाट बचन उत्सर्जन रोक्ने र घटाउने उपायहरूलाई प्राथमिकता दिनुपर्छ। कार्बनडाईअक्साईड हटाउने उपायहरूमध्ये प्रकृतिमा आधारित संयन्त्रहरूलाई प्राथमिकता दिनुपर्छ र विशेषगरी पारिस्थितिक प्रणाली (ecosystem) र मानवअधिकारका लागि उत्कृष्ट परिणामहरू प्रदान गर्ने तथा भूमि प्रयोगमा प्रतिस्पर्धा नहुने किसिमको संयन्त्रहरूलाई प्राथमिकता दिनुपर्छ;

- निजी वाहन र हवाई यात्राको माग घटाउनका निम्ति विस्तृत, बहुक्षेत्रीय र मानवअधिकारसंगत नीति तथा उपायहरू अवलम्बन गर्ने; लिथियम-आयन ब्याट्रीको आपूर्ति श्रृंखला र जीवनचक्रमा हुने मानवअधिकार जोखिम र वातावरणीय क्षतिलाई सम्बोधन गर्दै जीवाश्म इन्धनबाट चल्ने सवारी साधनहरूलाई विद्युतीय सवारी साधनहरूले अवस्थान्तरण गर्ने; उड्डयन कम्पनीहरूलाई सन्तुलनकारी उपायहरूमा निर्भर नभई उत्सर्जन कम गर्न समयसीमाबद्ध प्रतिबद्धताहरू तय गर्न लगाउने; र विश्वव्यापी तापक्रम वृद्धि १.५ डिग्री सेल्सियस भित्र राख्ने लक्ष्यसँग मेल खाने गरी समुद्री ढुवानी (maritime shipping) बाट हुने उत्सर्जनलाई कम गर्ने गरी नियमहरू तय गर्ने लगायतका माध्यमबाट यातायात क्षेत्रबाट उत्सर्जन घटाउनका निम्ति मानवअधिकारसंगत उपायहरू अवलम्बन गर्नुपर्छ;

- कोभिड-१९ महामारीको सन्दर्भमा मानवअधिकार र जलवायुसम्बन्धी कार्यलाई केन्द्रमा राख्ने गरी न्यायपूर्ण र वातावरणीय रूपमा दिगो पुनःप्राप्ति गर्ने कुरामा प्रतिबद्धता जनाई सोलाई कार्यान्वयन गर्नुपर्छ। विशेषगरी, प्रोत्साहन प्याकेज र पुनःप्राप्तिका उपायहरूले महामारी र जलवायु सङ्कटका कारण बढ्न गएको र देखिन आएका असमानतालाई सम्बोधन गर्न समेत योगदान पुऱ्याउँदै शून्य-कार्बन अर्थतन्त्र र सबल समाजतर्फ प्रतिस्थापन गर्न सहजीकरण गर्ने कुरालाई सुनिश्चित गर्नुपर्छ।

यसका अलावा, धनी औद्योगिक राष्ट्रहरूले जलवायु न्यूनीकरणका प्रयासहरूमा सबैभन्दा द्रुत गतिमा अघि बढ्नुपर्छ र विकासोन्मुख देशहरूमाथि अव्यावहारिक अपेक्षाहरू थोपर्नु हुँदैन। सन् २०३० सम्ममा विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जनलाई सन् २०१० को स्तरबाट ४५ प्रतिशतले घटाउने अपरिहार्यताको सन्दर्भमा उनीहरूलेः

- मानवअधिकारको प्रवर्धन हुने न्यायोचित अवस्थान्तरणलाई सुनिश्चित गरी सन् २०३० भन्दा निकै अगाडि आफ्नो उत्सर्जनलाई आधाले घटाउन र सन् २०३० सम्ममा वा त्यसपछि भएपनि सम्भव भएसम्म छिटो कार्बनको शून्य-उत्सर्जनको अवस्थामा पुग्न सकिने गरी सबैभन्दा महत्वाकांक्षी उत्सर्जन न्यूनीकरणका लक्ष्यहरू अपनाई लागू गर्नुपर्छ;
- जीवाश्म इन्धनको प्रयोगलाई अन्त्य गरी र सन् २०३० सम्म वा जति सक्दो चाँडो मानवअधिकार संगत रूपमा उत्पादन गरिएको नवीकरणीय ऊर्जामा अवस्थान्तरण गर्नुपर्छ;
- कोइला, पीट, फ्र्याकिङ्ग र टार बालुवा जस्ता सबैभन्दा प्रदूषणकारी जीवाश्म इन्धन र उत्पादनका स्वरूपहरूको उत्पादन र प्रयोगलाई सकेसम्म चाँडो र सन् २०३० भित्र अन्त्य गर्नुपर्छ;
- जीवाश्म इन्धनमा अनुदान प्रदान गर्न तुरुन्तै रोक्नुपर्छ;
- जीवाश्म इन्धनको अन्वेषण, उत्खनन् र उत्पादनमा विस्तार लगायत नयाँ पूर्वाधार विकासमा थप लगानी गर्न कानुनी र व्यवहारिक रूपमा निषेध गर्नुपर्छ र आफ्नो सरहदभित्रको विद्यमान जीवाश्म इन्धन उत्पादनलाई बन्द गर्नुपर्छ;
- अन्य देशहरूमा जीवाश्म इन्धन परियोजनाहरूमा वित्त प्रवाह रोक्नुपर्छ किनभने धनी देशहरूद्वारा द्रुत गतिमा गरिनुपर्ने जीवाश्म इन्धनको अन्त्यलाई केवल उत्पादनका स्रोतहरू विकासोन्मुख देशहरूमा सारेर मात्र गरिनु हुँदैन।

# प्रभावित मानिसहरूलाई टार्नै नसकिने जलवायु परिवर्तन विरुद्धको अनुकूलनमा मद्दत गर

मानवअधिकारमा जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण (जलवायु परिवर्तन अनुकूलन) गर्दै जलवायु परिवर्तनका सम्भावित र अवश्यम्भावी प्रभावहरूसँग अनुकूलन गर्न आफ्नो क्षेत्राधिकार भित्रका मानिसहरूलाई सहयोग गर्न सबै आवश्यक उपायहरू अवलम्बन गर्ने दायित्व राज्यहरूमा रहेको छ।

## विशेषगरी राष्ट्रहरूले

- जलवायु सङ्कटको सम्भावित र अवश्यम्भावी प्रभावहरूबाट मानिसहरूलाई पर्याप्त रूपमा सुरक्षित गर्ने मानवअधिकार सुसङ्गत अनुकूलनका उपायहरू अवलम्बन तथा कार्यान्वयन गर्नुपर्छ;
- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण रणनीतिहरूको तर्जुमा र कार्यान्वयनमा विभिन्न समूहहरूको आवश्यकताहरूलाई ध्यानमा राख्नुपर्दछ। यसका लागि सीमान्तीकरण र विभेद जस्ता जलवायु प्रभावबाट हुने हानिको जोखिम बढाउने कारक तत्वहरूको पहिचान र सम्बोधन गर्ने र सबैभन्दा ठूलो जोखिम सामना गरिरहेकाहरूलाई प्राथमिकता दिएर सबै व्यक्तिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्तिको लागि पर्याप्त श्रोतको विनियोजन गर्नु आवश्यक छ।
- अनुकूलनका उपायहरूले सबैभन्दा सीमान्तकृत समूह, समुदाय र व्यक्तिहरूलाई प्राथमिकता दिने, लैङ्गिक असन्तुलन सम्बोधन गर्ने तथा आदिवासी जनजाति र अन्य स्थानीय समुदायहरूको परम्परागत ज्ञानबाट सुसूचित हुने कुरा सुनिश्चित गर्नुपर्छ।

# जलवायुसम्बन्धी कार्यहरू जनताका अधिकारहरूसँग अनुकूल रहने सुनिश्चित गर

राज्यहरूले सबै जलवायु नीति र पहलहरूमा मानवअधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्छ। विशेषगरी उनीहरूले कार्बनरहित अर्थव्यवस्था र सबल समाजतर्फको अवस्थान्तरण राज्यहरूको मानवअधिकार दायित्व अनुरूप हुनेगरी लिङ्ग, जात, अपाङ्गता र अन्तर-पुस्तागत समानता प्रवर्धन गर्ने लगायत देश भित्र र देशहरूका बीच विद्यमान असमानताहरू विरुद्ध लड्ने अवसरहरूको समेत सिर्जना गरी सबैका लागि न्यायपूर्ण र निष्पक्ष भएको कुरा सुनिश्चित गर्नुपर्दछ।

## विशेषगरी राष्ट्रहरूले

- जलवायु परिवर्तनका प्रभावहरूबाट मानिसहरूलाई जोगाउने उद्देश्यले गरिएका उपायहरूले अन्य मानवअधिकारको उल्लङ्घन नहोस् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- जलवायु परिवर्तनसम्बन्धी प्रतिकार्यलाई मानवअधिकारको उल्लङ्घनलाई जायज ठहराउन प्रयोग नगर्ने;
- जलवायुसम्बन्धी कार्यहरूका असरहरूबारे मानिसले जानकारी पाउने, निर्णय प्रक्रियामा भाग लिने, आफ्ना सरोकारहरूलाई ध्यानमा राखिएको हुनुपर्ने र आफ्ना अधिकारहरूको उल्लङ्घनमा उपयुक्त र प्रभावकारी उपचारमा पहुँचको अधिकारलाई सुनिश्चित गर्नुपर्छ;
- थप सबल र कार्बनरहित समाजतर्फको अवस्थान्तरण गरिबी घटाउने र मानवअधिकारको उपभोगमा विद्यमान असन्तुलनहरू सुधार गर्ने अवसरको रूपमा रहने कुरा सुनिश्चित गर्नुपर्छ;
- जलवायु परिवर्तन र कार्बनरहित बनाउने प्रक्रियाबाट प्रभावित सबै श्रमिक तथा समुदायहरूका निम्ति न्यायोचित अवस्थान्तरण सुनिश्चित गर्नुपर्छ;

- थप सबल र कार्बनरहित समाजतर्फ रूपान्तरण भावी पुस्ताको मानवअधिकारसँग सुसंगत हुने गति र तवरमा हुने कुरालाई सुनिश्चित गर्नुपर्छ;
- जलवायु नीति र अभ्यासहरूमा मानवअधिकारलाई समावेश गर्नुपर्छ।

# सबैको सूचना, सहभागिता र उपचारको अधिकार सुनिश्चित गर

जलवायु परिवर्तन लगायत वातावरणीय हानिबाट मानिसलाई जोगाउने आफ्नो कर्तव्यको सन्दर्भमा राज्यका कैयन प्रक्रियागत दायित्वहरू छन्। ती मुख्य दायित्वहरूमा सूचनामा पहुँच प्रदान गर्नु, जनसहभागितालाई सहजीकरण गर्नु र न्यायमा पहुँच र प्रभावकारी उपचारहरू प्रदान गर्ने कुराहरू रहेका हुन्छन्। यी दायित्वहरूले वातावरण संरक्षणका कार्य र जवाफदेहिताको माग गर्नमा वातावरणीय मानवअधिकार रक्षकहरूले खेल्ने महत्त्वपूर्ण भूमिकाको पहिचान गर्दै उनीहरूले सुरक्षित र प्रभावकारी रूपमा उक्त भूमिका निर्वाह गर्नका लागि राज्यले उपलब्ध गराउनु पर्ने आवश्यक पूर्वसर्तहरूलाई आत्मसात गरेका हुन्छन्।

## विशेषगरी राष्ट्रहरूले

- जलवायु परिवर्तनको बारेमा जानकारी सङ्कलन गर्ने, अद्यावधिक गर्ने र प्रचार प्रसार गर्ने गर्नुपर्छ, जलवायु परिवर्तनलगायतका विषयमा वातावरणीय जानकारीमा पहुँच प्रदान गर्नुपर्छ र वातावरणीय शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्नुपर्छ;
- जलवायुसम्बन्धी रणनीति, कानुन, राष्ट्रिय योजना, जलवायु न्यूनीकरण र अनुकूलनका निश्चित परियोजना र पहलहरूको योजना र तर्जुमा गर्दा जलवायु परिवर्तन र प्रस्तावित निर्णयहरूद्वारा विशेषगरी सबैभन्दा बढी

प्रभावित भएकाहरूको सहभागिता सुनिश्चित हुने गरी पर्याप्त र अर्थपूर्ण सार्वजनिक परामर्श सञ्चालन गर्नुपर्छ। विशेषगरी आदिवासी जनजातिहरूको सम्बन्धमा राज्यहरूले उनीहरूसँग परामर्श र सहकार्य गर्नुपर्छ र उनीहरूलाई असर गर्न सक्ने उपायहरू अपनाउनु अघि उनीहरूको स्वतन्त्र, पूर्व र सुसूचित सहमति प्राप्त गर्नुपर्छ र उनीहरूको सहमति बिना जमिन वा सम्पत्ति अधिग्रहण गरिएको अवस्थामा क्षतिपूर्ति र परिपूरण उपलब्ध गराउनुपर्छ। विशेषगरी, राज्यहरूले जलवायु सङ्कटबाट असमानुपातिक रूपमा प्रभावित व्यक्ति, समुदाय, समूह र जनताको सार्वजनिक सहभागिताको लागि सहजीकरण गर्नुपर्छ;

- जलवायु परिवर्तन वा जलवायुसम्बन्धी अवलम्बित उपायहरूबाट प्रभावित भएकाहरूलाई उपचारको अधिकार सुनिश्चित गर्नुपर्छ। विशेषगरी राज्यहरूले जलवायु परिवर्तन वा जलवायुसम्बन्धी उपायहरूबाट उत्पन्न हुनसक्ने आसन्न र सम्भावित मानवअधिकार उल्लङ्घनका दाबीहरूका साथै विगत र वर्तमानमा भएका उल्लङ्घनहरूका सवालमा तथा राज्यहरूले आफ्नो क्षेत्राधिकारभित्र गर्ने कार्यले उनीहरूका सरहद बाहिरका मानिसहरूको अधिकारमा पुग्न जाने हानिका सवालमा न्याय प्रदान गर्न प्रशासनिक, न्यायिक, विधायिकी वा अन्य कुनै उपयुक्त माध्यमबाट कुनै पनि विभेदरहित तवरमा सुलभ र समयबद्ध पहुँच प्रदान गर्नुपर्छ। राज्यहरूले मानवअधिकार उल्लङ्घनको अन्त्य, प्रत्यस्थापन, उपचार, क्षतिपूर्ति, पुनर्स्थापना, सन्तुष्टि र पुनरावृत्ति नहुने प्रत्याभूति लगायत प्रभावकारी र विस्तृत उपचारहरूमा पीडितहरूको पहुँच सुनिश्चित गर्नुपर्दछ र सबै प्रभावित व्यक्तिहरूलाई उपचार र परिपूरणमा समान पहुँच सुनिश्चित गर्नुपर्दछ;
- सन् १९९८ मा सर्वसम्मतिद्वारा अवलम्बन गरिएको मानवअधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा अनुरूप वातावरणीय रक्षकहरूलाई मानवअधिकार रक्षकहरूको रूपमा मान्यता दिई संरक्षण प्रदान गर्नुपर्छ;

- जलवायुसम्बन्धी कार्य वा वातावरण संरक्षण, जीविकोपार्जन र भूमिमा पहुँचको लागि आवाज उठाउने र परिचालित हुने सबैको अधिकारको संरक्षण गर्नुपर्छ। यस क्रममा नागरिक अवज्ञा, अभिव्यक्ति, संगठन तथा शान्तिपूर्ण तवरमा भेला हुन पाउने स्वतन्त्रताको प्रत्याभूति गर्दै र वातावारणीय मानवअधिकार रक्षकहरूउपर आक्रमण गर्नेहरूप्रति शून्य-सहनशीलताको संस्कृति सुनिश्चित गर्नुपर्छ।

# हानि र क्षतिबाट प्रभावित व्यक्तिहरूलाई उपचार प्रदान गर

जलवायु सङ्कटले विशेषगरी जलवायु परिवर्तनको सबैभन्दा ठूलो जोखिममा रहेका तथा जलवायु परिवर्तनका प्रभावहरूको सामना गर्नका लागि सबैभन्दा सीमित स्रोत भएका न्यून आय भएका, साना टापु, तटीय वा सुक्खा विकासोन्मुख देशका मानिसका साथै विश्वका सबै मानिसको मानवअधिकारको उपभोगमा गम्भीर रूपमा हानि पुऱ्याइरहेको छ।

जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने र त्यसलाई अनुकूलन गर्ने कार्यहरू विश्वभर आमूल रूपमा अघि बढाइएको भए पनि ऐतिहासिक उत्सर्जनका कारण अहिलेसम्मका न्यूनीकरण र अनुकूलनको प्रयासहरूको सुस्त गतिका कारण र मानिसहरूको अनुकूलन क्षमता भन्दा बाहिर रहेका केही प्रभावहरूका कारण केही असरहरू अवश्यम्भावी छन् भन्ने कुरा व्यापक रूपमा स्वीकार गरिएको छ। हामीले अहिले देखिरहेको एवं वर्तमान सङ्कटको समाधानको अत्यावश्यकतासँग न्यूनीकरण र अनुकूलनका प्रयासहरू मेल नखाएको खण्डमा हामीले देखिरहने त्यस्ता अवश्यम्भावी र अपरिवर्तनीय अवशिष्ट प्रभावहरूलाई सामान्यतया "हानि र क्षति" भनेर चिनिन्छ। त्यस्ता हानि र क्षतिका उदाहरणमा जीवन वा आयआर्जनको क्षति, स्वास्थ्यमा ह्रास, पूर्वाधारमा क्षति,

विस्थापन, पुख्यौली भूमिमा बसोबास जारी राख्न नसक्नु र त्यस भूमिसँग जोडिएका पहिचान र सांस्कृतिक परम्पराहरू जारी राख्न नसक्नु पर्दछन्।

प्रभावकारी उपचार उपलब्ध गराउने दायित्वको आधारमा उत्सर्जनलाई सीमित गर्न वा जलवायु परिवर्तनसँग अनुकूलन गर्न आफ्नो क्षमताले भ्याएसम्मको कदम चाल्न विफल भएका सबै राष्ट्रहरू आफ्नो क्षेत्रभित्र र देशबाहिरका हानि र क्षतिबाट हुने मानवअधिकार उल्लङ्घनका लागि उक्त हानिमा आफ्नो योगदानको अनुपातको आधारमा सामूहिक रूपमा जिम्मेवार छन्।

राज्यहरूलाई उनीहरूको मानवअधिकार दायित्वहरूको आधारमा हानि र क्षतिको विषयलाई सम्बोधन गर्नका लागि एम्नेस्टी इन्टरनेसनल आग्रह गर्दछ।

## विशेष गरी राष्ट्रहरूले

- हानि र क्षतिबाट बच्नको लागि सकेसम्म अधिकतम हदसम्म न्यूनीकरण र अनुकूलनका प्रयासहरू बढाउनुपर्छ;
- जलवायु परिवर्तनसम्बन्धी घटनाहरूबाट हुने हानि र क्षतिको र अझ खासगरी गैर-आर्थिक क्षतिको मूल्याङ्कन गर्दा जलवायु परिवर्तनले जीवन, स्वास्थ्य, खाद्यान्न, पर्याप्त आवास, शिक्षा, रोजगारी, संस्कृति र आत्मनिर्णय लगायतका मानवअधिकारको उपभोगमा पार्ने प्रतिकूल प्रभावहरूको विचार गर्नुपर्दछ;
- हानि र क्षतिको सम्बोधन गर्न र उपचार प्रदान गर्नका निम्ति क्षतिपूर्ति लगायत पर्याप्त स्रोतहरू (जस्तै कोष खडा गर्ने, प्रविधि हस्तान्तरण गर्ने र प्राविधिक सल्लाह प्रदान गर्ने) उपलब्ध गराउनुपर्छ।

अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्ने दायित्व र मानवअधिकार उल्लङ्घनमा उपचार उपलब्ध गराउने दायित्वको आधारमा (यस सवालमा सम्भावित मानवअधिकार हानि रोक्नमा भएको विफलता) **धनी औद्योगिक राष्ट्रहरूले जलवायु सङ्कटका कारण हुने क्षति र क्षतिको परिणामस्वरूप नकारात्मक तवरमा मानवअधिकारको असर भोगेका विकासोन्मुख देशका मानिसहरूलाई**

**क्षतिपूर्तिका साथै आर्थिक साधन, प्राविधिक सहयोग र उपचारको पहुँच उपलब्ध गराउनु पर्छ।**

# अन्तर्राष्ट्रिय सहयोग र सहायता बढाऊ

वातावरण कानुनअन्तर्गतको “साझा तर फरक फरक जिम्मेवारी र सम्बन्धित क्षमता”को सिद्धान्त र मानवअधिकार कानुनअन्तर्गतको अन्तर्राष्ट्रिय सहकार्यको दायित्वका आधारमा सहायता प्रदान गर्ने क्षमता भएका राज्यहरूले आफ्नो क्षमता र जलवायु परिवर्तन गराउनमा आफ्नो जिम्मेवारी अनुरूप आवश्यक वित्तीय स्रोत, क्षमता विकास र प्रविधि हस्तान्तरणको सहायता प्रदान गर्नुपर्छ। जलवायु परिवर्तन रोकथाम गर्ने र सामना गर्ने हरेक राज्यको दायित्व भएपनि उनीहरूले आफ्नो क्षमता र आफ्नो जिम्मेवारी अनुरूप उक्त दायित्व निर्वाह गर्नुपर्छ भन्ने कुरा अन्तर्राष्ट्रिय कानुन र जलवायु न्यायको विषय हो। जलवायु सङ्कटमा सबैभन्दा कम योगदान गर्ने देशहरूलाई उनीहरूको जलवायु न्यूनीकरण र अनुकूलनसम्बन्धी लक्ष्यहरू प्राप्त गर्न र हानि र क्षतिहरूलाई सम्बोधन गर्न सहायता प्रदान गर्नुपर्छ।

## विशेषगरी राष्ट्रहरूले

- विश्वव्यापी औसत तापक्रम वृद्धि १.५ डिग्री सेल्सियस भन्दा तल राख्न सकिने तवरले शून्य-कार्बन एवं सबल भविष्यतर्फको द्रुत र मानवअधिकारसंगत अवस्थान्तरणका निम्ति सहकार्य गर्नुपर्छ। यसका लागि सहायता आवश्यक पर्ने सबै राष्ट्रहरूले सहायताको माग गर्नु आवश्यक छ र जलवायु परिवर्तनसँग अनुकूलन गर्न वा जलवायु सङ्कटबाट हुने हानि र क्षतिको सामना गर्न मानिसहरूलाई सहयोग पुर्याउनका निम्ति सहायता प्रदान गर्ने क्षमता भएका राष्ट्रहरूले त्यस्तो सहायता बिना आफ्ना जलवायुसम्बन्धी लक्ष्यहरू प्राप्त गर्न नसक्ने राष्ट्रहरूलाई आवश्यक वित्तीय स्रोत, क्षमता विकास र प्रविधि हस्तान्तरण उपलब्ध गराउनु पर्छ;

- जलवायुसम्बन्धी आर्थिक सहायता विदेशी विकास सहायताको विद्यमान प्रतिबद्धताहरू भन्दा अतिरिक्त हुन्। न्यून आय भएका देशहरूलाई जलवायु वित्तप्रवाह ऋण नभई अनुदानको रूपमा प्रदान गर्नुपर्ने हो र न्यूनीकरण र अनुकूलनको वित्त प्रवाह बीच अझ राम्रो सन्तुलन हासिल हुने कुरा सुनिश्चित गर्नुपर्छ;
- राष्ट्रिय र अन्तर्राष्ट्रिय जलवायु वित्त प्रवाह संयन्त्रहरूद्वारा सहायता प्राप्त परियोजनाहरूले सबै मानवअधिकारहरूको सम्मान र संरक्षण गर्दछन् भन्ने कुरा र लैङ्गिक न्यायको प्रवर्धन तथा आदिवासी समुदायहरूको अधिकारको परिपूरण सहित मानवअधिकारको उपभोगको अभिवृद्धि गर्ने जलवायुसम्बन्धी परियोजनाहरू प्राथमिकतामा परून् भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ;
- आफू सदस्य रहेको बहुपक्षीय विकास बैंक लगायत अन्तर्सरकारी संगठनले आफ्ना सदस्य राष्ट्रहरूले मानवअधिकारसम्बन्धी दायित्वसँग अनुकूल कार्य गरेको सुनिश्चित गर्नका लागि ती संस्था भित्र सहयोगी नीति र कार्यान्वयन संयन्त्रको व्यवस्था गर्नुपर्छ। विशेषगरी उनीहरूले जीवाश्म इन्धनको विस्तार र वन विनाशलाई बढाउने परियोजना, गतिविधि र उद्योगमा कुनै पनि वित्त प्रवाह र लगानीको विरोध गर्नुपर्छ र १.५ डिग्री सेल्सियसको आवश्यकतासँग सुसंगत रहने गरी वित्त प्रवाह र लगानीलाई अन्त्य गर्ने कुरामा सहयोग गर्नुपर्छ।

## यसका अलावा धनी औद्योगिक राष्ट्रहरूले

- कम धनी देशहरूमा हानि र क्षतिलगायत मानवअधिकारसंगत जलवायु पहलकदमीहरूको लागि आर्थिक सहायतामा उल्लेखनीय वृद्धि गर्नुपर्छ। यसको मतलब एक सय अरब अमेरिकी डलरको वार्षिक लक्ष्य संयुक्त रूपमा प्राप्त गर्न र सो भन्दा बढी हाँसिल गर्न आफ्नो जिम्मेवारी र क्षमता प्रतिबिम्बित हुनेगरी जिम्मेवारी सम्पादन (delivery) को लागि एक निश्चित समयसीमाका साथ उनीहरूले ठोस प्रतिज्ञा जनाउनुपर्दछ। उनीहरूले संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी खाका सन्धि

(UNFCC)अन्तर्गतका जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय वार्ताहरूमा विकासशील देशको सहयोगको निम्ति वास्तविक आवश्यकताहरूसँग मेल खाने गरी हालको भन्दा ठूलो लक्ष्य स्थापित गर्नुपर्छ।

## जलवायु परिवर्तनका कारण विस्थापित वा विस्थापनको जोखिममा रहेका व्यक्तिहरूको मानवअधिकारको रक्षा गर

जलवायु सङ्कटको प्रभाव मानिसको आवतजावत र स्थानान्तरणको लागि एउटा महत्त्वपूर्ण कारक रहँदै आएको छ। जलवायु परिवर्तनले बढाउदै गएको द्रुत रूपमा बढ्ने र ढिलोगरी बढ्ने मौसमी र जलवायुसम्बन्धी घटनाहरूका कारण र देशका सम्पूर्ण भाग वा केही अंश बसोबासका लागि अयोग्य हुने कारण राष्ट्रिय सरहद भित्र वा सरहदपार बसाईंसराई गर्ने मानिसहरूको संख्या बढ्ने अनुमान गरिएको छ।

जलवायु परिवर्तन र प्रकोपको सन्दर्भमा मानव बसाईंसराई नीति र उपायहरू अवलम्बन गर्दा राष्ट्रहरूले आफ्नो मानवअधिकार दायित्वहरूको पालना गर्नुपर्छ।

### विशेषगरी राष्ट्रहरूले

- जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने, मानिसलाई यसको प्रभावसँग अनुकूलन गर्न सहयोग गर्ने र घरेलु तथा अन्तर्राष्ट्रिय सहयोगमार्फत मानिसहरूलाई प्रकोपबाट संरक्षण गर्ने आफ्नो मानवअधिकारका दायित्वहरूलाई पूर्ण रूपमा कार्यान्वयन गरेर र दिगो विकास लक्ष्य, विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई फ्रेमवर्क तथा पेरिस सम्झौताअन्तर्गतका प्रतिबद्धताहरू समेत कार्यान्वयन गर्दै आन्तरिक र सरहदपारमा हुने जलवायुसम्बन्धी विस्थापनको सम्भावना र परिमाण घटाउनुपर्छ;

- जलवायु परिवर्तनको अवश्यम्भावी प्रभावहरूबाट मानिसहरूलाई जोगाउन अन्तिम उपायको रूपमा स्थायी योजनाबद्ध स्थानान्तरण आवश्यक परेको खण्डमा (उदाहरणका लागीः मानव बसोबासको लागि क्षेत्रहरू अति खतरायुक्त भएको अवस्थामा) त्यस्तो स्थानान्तरण प्रक्रियामा विस्थापित समुदाय र स्थानान्तरण हुने स्थानमा पहिलेदेखि बसोबास गर्दै आएका समुदायहरूको मानवअधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- आन्तरिक रूपमा विस्थापित भएका व्यक्तिहरूको अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत आफ्ना दायित्वहरू पूरा गर्नुपर्छ र यी अधिकारहरू घरेलु कानुन र नीतिहरूमा प्रतिबिम्बित भएको सुनिश्चित गर्नुपर्छ;
- अन्तर्राष्ट्रिय कानुनको अनुकूल हुने गरी श्रमिकहरूको अधिकार लगायत मानवअधिकारको सम्मान, प्रवर्धन र प्रत्याभूत गर्ने सुरक्षित तथा नियमित बसाइसराइका मार्गहरू सुनिश्चित गर्नुपर्छ र शैक्षिक उद्देश्य वा पारिवारिक सम्बन्धका लागि भिसा र श्रम भिसा जस्ता बसाइसराइका विस्तृत प्रकारका अवसरहरू प्रदान गर्नुपर्छ;
- घरेलु कानुनको संशोधन लगायतका कार्यहरूमार्फत सम्बन्धित अधिकारीहरूले अन्तर्राष्ट्रिय संरक्षणको दाबीहरूको समीक्षा गर्दा र व्यक्तिहरूलाई आफ्नो देशको सरहदभित्र प्रवेश अनुमति दिँदा जलवायु परिवर्तनको प्रभावबाट भएका मानवअधिकार उल्लङ्घनको जोखिमलाई ध्यानमा राख्ने कुरा सुनिश्चित गर्नुपर्छ। सरकारहरूले जलवायु परिवर्तनको प्रतिकूल प्रभावका कारण मानवअधिकार उल्लङ्घनको वास्तविक जोखिममा पर्नसक्ने स्थानहरूमा मानिसहरूलाई पठाउनु हुँदैन।
- जलवायु परिवर्तन र मानिसको आवागमन वा बसाईंसराइसम्बन्धी राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहको निर्णय प्रक्रियाहरूमा विशेषगरी आप्रवासी, शरणार्थी, शरणाभिलाषी, आन्तरिक विस्थापनमा परेका व्यक्ति र

जलवायु सङ्कटबाट सबैभन्दा बढी प्रभावित भएका सबै व्यक्तिहरूको अर्थपूर्ण, प्रभावकारी र सुसूचित सहभागिता सुनिश्चित गर्नुपर्छ;

- शरणार्थीसम्बन्धी ग्लोबल कम्प्याक्ट, आप्रवासनसम्बन्धी ग्लोबल कम्प्याक्ट र विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी खाका सन्धिको कार्यदलका सिफारिसहरू कार्यान्वयन गर्न सहकार्य गनुपर्छ;
- जलवायुसम्बन्धी जोखिममा रहेका विकासोन्मुख देशहरूमा जलवायु सङ्कटबाट हुने हानि र क्षतिको परिणामस्वरूप विस्थापित भएका वा स्थानान्तरण हुने आदिवासी समुदाय लगायतका मानिस र समुदायहरूलाई क्षतिपूर्ति लगायतका श्रोत, साधन, सहायता र उपचार उपलब्ध गराउनका लागि पर्याप्त संयन्त्रहरू अवलम्बन गर्न तथा नयाँ र अतिरिक्त वित्त परिचालन गर्न सहकार्य गर्नुपर्छ।

## जलवायु परिवर्तनका लागि सबैभन्दा बढी जिम्मेवार राज्यहरूले

- प्रभावित व्यक्तिहरूलाई उपचार उपलब्ध गराउन पैदा भएको क्षतिमा आफ्नो योगदानको अनुपातमा सामूहिक जिम्मेवारी स्वीकार गर्नुपर्छ। यस जिम्मेवारीअन्तर्गत हानि र क्षतिसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रलाई सहयोग गर्नका लागि जलवायु वित्त प्रवाहको आफ्नो उचित हिस्सा उपलब्ध गराउने र जलवायु परिवर्तनका प्रभावहरूका कारण उनीहरूको आफ्नो देशमा फर्कन नसक्ने विस्थापितहरूलाई आफ्नै सरहदभित्र स्वीकार तथा समाहित गर्नका निम्ति स्पष्ट संरक्षण संयन्त्रहरू स्थापना गर्ने कुरा समेत पर्दछ।
- जलवायु परिवर्तनका कारण आफ्नो देश बसोबासको निम्ति अयोग्य बन्दै गएकाले स्थानान्तरणको आवश्यकतामा रहेका मानिसहरूलाई सहयोग गर्न सहकार्य गर्नुपर्छ। राज्यहरूले वास्तविक परामर्श प्रक्रियामार्फत प्रभावित व्यक्तिहरूले आफ्नो सम्पूर्ण मानवअधिकार

सुनिश्चित हुने खालको सुरक्षित एवं पर्याप्त स्थानमा उनीहरू आफै पुनर्स्थापित हुन सक्ने र आफ्नो सामूहिक पहिचान तथा आत्मनिर्णयको अधिकारलाई कायम राख्न सक्ने कुराको सुनिश्चित गर्नुपर्छ।

## सुरक्षित, स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारलाई मान्यता प्रदान गर

सुरक्षित, स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारले विश्वभरी बढ्दो मान्यता पाइरहेको छ। ११० देशहरूको संविधानमा यो अधिकार समावेश छ। क्षेत्रीय स्तरमा यसलाई विभिन्न मानवअधिकार दस्तावेजहरूमा राखिएको छ। मानवअधिकार र वातावरणसम्बन्धी संयुक्त राष्ट्रको विशेष प्रतिवेदकले संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूमध्ये १५६ राष्ट्रले आफ्नो संविधानमा व्यवस्था गरेर वा यस अधिकारलाई मान्यता दिने क्षेत्रीय सन्धिहरूको पक्ष राष्ट्र भएर यो अधिकारलाई मान्यता दिएको जनाएका छन्। तर संयुक्त राष्ट्रसंघले यो अधिकारलाई अझै स्पष्ट रूपमा मान्यता दिएको छैन।

सुरक्षित, स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सङ्कल्प प्रस्तावले मर्यादित र सुरक्षित जीवनको लागि सुरक्षित जलवायु सहितको स्वस्थ वातावरण अपरिहार्य रहेको कुरा स्वीकार गर्दै हरेक पुस्ताको भावी पुस्ताप्रतिको जिम्मेवारीमाथि प्रकाश पार्दै यस अधिकारलाई अन्य मानवअधिकार सिद्धान्तहरूसँगको समान हैसियतमा राख्ने थियो। यसले राज्यहरूको वातावरणीय नीति र कानुनलाई सबलीकरण गर्न, त्यसलाई व्यापक समर्थन र वैधानिकता प्रदान गर्न र उनीहरूको वातावरणीय कार्यसम्पादनमा सुधार ल्याउनका लागि आधार सिर्जना गर्नेछ। यसले वातावरण रक्षकहरूको कामको पहिचान र प्रशंसा पनि बढाउनेछ।

### विशेषगरी राष्ट्रहरूले

- सुरक्षित, स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारलाई मान्यता प्रदान गर्ने र लागू गर्ने राष्ट्रिय कानुनहरू अपनाउनुपर्छ र कार्यान्वयन गर्नुपर्छ;
- सुरक्षित, स्वच्छ, स्वस्थ र दिगो वातावरणको अधिकारलाई संयुक्त राष्ट्रसंघले मान्यता दिनुपर्छ भन्ने कुराको समर्थन गर्नुपर्छ।

## व्यवसायहरूलाई नियमन गर

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत राज्यहरूमा नियमन, निरीक्षण, अनुसन्धान, न्यायिक निरूपण र सजायको माध्यमबाट जलवायु परिवर्तनमा व्यवसायहरूले पुर्याउने योगदानबाट उत्पन्न हुने हानि लगायत व्यवसायहरूबाट हुने मानवअधिकार हानिहरूबाट सबै व्यक्तिलाई संरक्षण गर्ने दायित्व रहेको छ। राज्यहरूले आफ्नो सरहद वा क्षेत्राधिकारभित्र पर्ने व्यवसायहरूको आचरणलाई नियन्त्रण वा प्रभाव (सँधै अन्तर्राष्ट्रिय कानुन अनुरूप) पार्न सक्ने अवस्थामा राज्यहरूले ती व्यवसायहरूले उनीहरूको विश्वव्यापी सञ्चालनमा मानवअधिकारको सम्मान गर्छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ। राज्यहरूले पनि व्यवसायबाट हुने हानिको प्रभावकारी उपचार सुनिश्चित गर्नुपर्दछ।

### विशेषगरी राष्ट्रहरूले

- जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलको सिफारिसअनुरूप व्यवसायहरूको कार्यसञ्चालन र मूल्य शृङ्खलामा हुने उत्सर्जनलाई सन् २०१० को स्तरको तुलनामा सन् २०३० सम्ममा कम्तिमा ४५% र सन् २०५० भन्दा अगाडि शून्यमा घटाउन नियम तथा नीतिगत उपायहरू अपनाउनुपर्छ;
- वित्तीय संस्थाहरू लगायत सम्पूर्ण व्यापारिक उद्यमहरूका लागि मानवअधिकारको सम्मान गर्न र आफ्नो विश्वव्यापी कार्यसञ्चालन, मूल्य

श्रृंखला र व्यापार सम्बन्धहरूमा मानवअधिकार र वातावरणीय उचित सावधानी (due diligence) र अनुशासन अनुसरण गर्नका लागि कानुनहरू अवलम्बन गरी लागू गर्नुपर्छ;

- उचित सावधानी (due diligence) नीति, त्यसको कार्यान्वयन, त्यसको प्रभाव मूल्याङ्कन, त्यसबारे प्रभावित र प्रभावित हुने सम्भावित अधिकारधारकहरूसँगको संवाद र परामर्श तथा जोखिम न्यूनीकरणका लागि अपनाइएका उपाय र तिनका प्रभावका बारेमा नियमित र सार्वजनिक रूपमा रिपोर्ट गर्न वित्तीय संस्था लगायतका व्यवसायहरूलाई बाध्य बनाउनुपर्छ। व्यावसायिक उचित सावधानी (due diligence) ले समेटेको वातावरणीय र मानवअधिकार जोखिमहरूमा जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरू पनि समावेश हुनुपर्छ;
- १.५ डिग्री सेल्सियस तापक्रमको मापदण्डअनुरूप वित्तीय संस्थाको गतिविधिहरूलाई अनुकूल बनाउने कार्यमा गति दिन केन्द्रीय बैंकहरू जस्ता वित्तीय नियामकहरूले नियमन कार्यहरू गर्ने कुरा सुनिश्चित गर्नुपर्छ। त्यसमा केन्द्रिय बैंकको तनाव परिक्षण (stress tests) मा जलवायुसम्बन्धी अवस्थाहरू समेट्ने, जलवायुसम्बन्धी जोखिमहरू खुलासा गर्न बाध्यकारी बनाउने र जीवाश्म इन्धनमा कर्जाप्रवाह गर्दा अन्य कर्जाप्रवाह भन्दा कडा शर्तहरू लागू हुने किसिमको पूँजी आवश्यकताका नियमहरूमा संशोधन गर्ने लगायत पर्दछ;
- जलवायुसम्बन्धी नीति निर्माण र मानवअधिकार र वातावरणीय उचित सावधानी (due diligence) का प्रावधानहरूको कार्यान्वयन जीवाश्म इन्धन, कृषि व्यवसाय र उच्च हरितगृह ग्याँस उत्सर्जनको लागि जिम्मेवार अन्य उद्योग लगायतका व्यवसायको अनुचित प्रभावबाट सुरक्षित रहने कुरा सुनिश्चित गर्नुपर्छ;
- व्यवसायहरूद्वारा भएको जलवायु प्रभाव वा जलवायु परिवर्तनसम्बन्धी प्रतिक्रियात्मक कार्यहरूका कारण मानवअधिकार उल्लङ्घन भोगेका

मानिसहरूले प्रभावकारी उपचारको पहुँच प्राप्त गरेको सुनिश्चित गर्न न्यायिक, प्रशासनिक, विधायिकी वा अन्य उपयुक्त माध्यमहरूमार्फत उपयुक्त कदमहरू चाल्नुपर्छ।

# व्यापारिक प्रतिष्ठानहरूका लागि सिफारिस

व्यवसाय र मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको मार्गदर्शक सिद्धान्तहरूले मानवअधिकारको सम्मानका लागि व्यवसायहरूको स्वतन्त्र जिम्मेवारी स्थापित गरेको छ। व्यवसायहरूको मानवअधिकारसम्बन्धी दायित्वहरूमा जलवायु परिवर्तनमा उनीहरूले गरेको योगदानको परिणामस्वरूप हुने मानवअधिकार हानिहरूको पहिचान गर्ने, रोकथाम गर्ने, न्यूनीकरण गर्ने र लेखाजोखा गर्ने कुरा पनि पर्दछ। जलवायु परिवर्तनसम्बन्धी स्पष्ट घरेलु नियमनको अभावमा पनि यस्ता दायित्वहरू लागू हुन्छन्।

व्यवसायहरूलाई जलवायु परिवर्तनको सन्दर्भमा मानवअधिकारको सम्मान गर्ने आफ्नो दायित्व पूरा गर्न र विशेषगरी विश्वव्यापी औसत तापक्रम वृद्धिलाई पूर्व-औद्योगिक स्तर भन्दा माथि १.५ डिग्री सेल्सियसमा सीमित गर्नु पर्ने बाध्यकारिता लगायत पेरिस सम्झौताका अन्य उद्देश्यहरूअनुरूप आफ्नो कार्यसञ्चालन गर्न र व्यवसायिक मोडेलहरूलाई मिलान गर्न एम्नेस्टी इन्टरनेसनल व्यवसायहरूलाई आह्वान गर्दछ।

**व्यवसायहरूले आफ्नो दायित्वहरू पूरा गर्न निम्न कार्यहरू गर्नुपर्छः**

- आफ्नो कार्यसञ्चालनका साथै आफ्ना सहायक र आपूर्तिकर्ताहरूको कार्यसञ्चालनले अन्तर्राष्ट्रिय वातावरणीय र मानवअधिकार मापदण्डहरू पालना गर्ने कुरा सुनिश्चित गर्नुपर्छ;
- जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलको सिफारिसहरू अनुरूप उनीहरूको आफ्नो कार्यसञ्चालन र मूल्य शृङ्खलामा हुने उत्सर्जनलाई सन् २०१० को स्तरको तुलनामा सन् २०३० सम्ममा

कम्तीमा ४५% र सन् २०५० भन्दा अगाडि नै शून्यमा जतिसक्दो चाँडो घटाउनका निम्ति प्रतिबद्धता व्यक्त गर्दै विशेष योजना लागू गर्नुपर्छ। त्यसो गर्ने क्रममा उनीहरूले प्रतिसन्तुलन र कार्बन हटाउने संयन्त्रहरूमा अत्यधिक भर पर्नु हुँदैन र त्यस्ता प्रतिबद्धताहरू कार्यान्वयन गर्न विस्तृत कार्य योजनाहरू लागू गर्नुपर्दछ। विशेषगरी ऊर्जा उत्पादक र प्रदायकहरूले आफ्नो पोर्टफोलियोलाई मानवअधिकार संगत तवरले उत्पादित नवीकरणीय ऊर्जातर्फ अवस्थान्तरण गरेर जीवाश्म इन्धनको उत्पादन र प्रयोगलाई द्रुत गतिमा हटाउनु पर्दछ;

- बैंक, सम्पत्ति प्रबन्धक, बीमा कम्पनी जस्ता वित्तीय संस्थाहरूले जीवाश्म इन्धनको विस्तार र वन विनाशलाई टेवा पुर्याउने नयाँ परियोजना, गतिविधि र उद्योगहरूमा वित्तप्रवाह र लगानी गर्न बन्द गर्नुपर्छ। उनीहरूले कोइला, पीट, फ्र्याकिंग र टार बालुवा जस्ता सबैभन्दा प्रदूषणकारी जीवाश्म इन्धन तथा उत्पादनका प्रकारहरूका लागि हुने वित्तप्रवाह र लगानीहरू धनी औद्योगिक देशहरूमा जिम्मेवारीका साथ सक्दो छिटो वा ढिलोमा सन् २०३० सम्ममा र अन्य सबै देशमा सन् २०४० सम्ममा अन्त्य गर्ने कुरा सुनिश्चित हुनेगरी १.५ डिग्री सेल्सियसको बाध्यकारितासँग सुसंगत हुने गरी समयबद्ध तरिकाले विद्यमान वित्तप्रवाह र लगानीहरूको अन्त्य गर्नुपर्छ;

- मानवअधिकार र वातावरणीय उचित सावधानी लागू गर्ने आफ्नो जिम्मेवारीको अंशको रूपमा कम्पनीहरूले आफ्नो विश्वव्यापी कार्यसञ्चालन भरी नै हरितगृह ग्याँसहरूको उत्सर्जनको पहिचान, रोकथाम, कटौती र लेखाजोखा गर्नुका साथै आफ्नो र आफ्ना सहायक, आफूसँग सम्बद्ध व्यवसाय र आफ्नो आपूर्ति श्रृंखलाले गर्ने उत्सर्जन तथा न्यूनीकरणका प्रयासहरू बारे सान्दर्भिक जानकारी सार्वजनिक गर्नुपर्छ;

- नवीकरणीय ऊर्जा र सम्बद्ध प्रविधिको उत्पादन लगायत जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन गतिविधिहरूमा संलग्न हुने योजना

बनाउँदा कम्पनीहरूले उचित सावधानीको प्रक्रियाको सबै चरणहरूमा प्रभावित भएका र प्रभावित हुने सम्भावना भएका दुवै अधिकारधारकहरूसँग प्रभावकारी, अर्थपूर्ण र सुसूचित परामर्शहरू सञ्चालन गर्नुपर्छ;

- आफूले सृजना गरेका जलवायु प्रभाव र मानवअधिकार हानिहरूको लागि व्यवसायहरू जवाफदेही हुनुपर्छ र उनीहरूले प्रभावित मानिसहरूले उपचारमा पहुँच प्राप्त गर्ने कुरा सुनिश्चित गर्नुपर्दछ;
- कार्बनमा आधारित अर्थतन्त्रलाई निरन्तरता दिने नीति र निर्णयहरूको लागि प्रत्यक्ष रूपमा वा व्यापार सङ्गठनहरूमार्फत अप्रत्यक्ष रूपमा सरकारहरूसँग लबिङ गर्नुहुँदैन। जनतालाई सही जानकारीमा पहुँच हाँसिल गर्न र सुसूचित निर्णयहरू लिन थप गाह्रो बनाउने गलत, भ्रामक र निराधार दाबीहरूमा आधारित सार्वजनिक सूचना अभियानहरूलाई उनीहरूले समर्थन गर्नुहुँदैन।

# परिभाषा

**अनुकूलन (जलवायु परिवर्तन अनुकूलन):** वास्तविक वा अपेक्षित जलवायुजन्य उत्प्रेरक वा तिनका प्रभावहरूको प्रतिक्रिया स्वरूप प्राकृतिक वा मानवीय प्रणालीमा गरिने समायोजन जसले हानिलाई कम गराउने वा लाभदायी अवसरहरूको उपयोग गर्ने कार्य गर्दछ।[१]

**वनीकरणः** ऐतिहासिक रूपमा पहिले वन नरहेको भूमिलाई वनमा परिणत गर्ने कार्य।[२]

**कार्बन बजेटः** विश्वव्यापी तापक्रमलाई निश्चित मापदण्ड भन्दा कममा सीमित गर्नका निम्ति उत्सर्जन गर्न मिल्ने कार्बनको मात्रा। पेरिस सम्झौतामा राष्ट्रहरूले विश्वको औसत तापक्रमलाई २ डिग्री सेल्सियसभन्दा कम राख्ने प्रतिबद्धता व्यक्त गरेको भएपनि जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलले जलवायु परिवर्तनको सबैभन्दा खराब प्रभावबाट बच्नको लागि विश्वव्यापी तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा कम राख्नुपर्ने कुराको महत्त्वलाई दर्शाएको छ। त्यसैले कार्बन बजेटको गणना १.५ डिग्री सेल्सियस थ्रेसहोल्डको आधारमा गरिनुपर्छ। विश्वव्यापी कार्बन बजेट र त्यसमा सीमित रहने प्रयासलाई साझा तर भिन्न जिम्मेवारी र सम्बन्धित क्षमताको सिद्धान्त र सोको अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गतको समकक्षी व्यवस्थाको आधारमा बाँडफाँड गरिनुपर्छ।

---

[१] *जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका सन्धिको परिभाषा, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका सन्धि "Fact Sheet: The Need for Adoption" हेर्नुहोस् ।*

*unfccc.int/files/press/backgrounders/application/pdf/press_factsh_adaptation.pdf* ।

[२] *जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल, "Special Report on Climate Change and Land, Glossary", २०१९, ipcc.ch/srccl/chapter/glossary/* ।

**कार्बन उत्सर्जनः** मुलतः तेल, प्राकृतिक ग्याँस र कोइला जस्ता जीवाश्म इन्धन, ठोस फोहोरमैला, रूख तथा काठका वस्तुहरूलाई जलाउँदा हुने कार्बनडाइअक्साइड्को उत्सर्जन।

भू-उपयोगमा परिवर्तनले पनि यसमा योगदान गर्दछ। वन फँडानी र माटोको क्षयीकरणले वायुमण्डलमा कार्बनडाइअक्साइड् थप्छ भने वनको क्षेत्रफलमा वृद्धिले यसलाई वायुमण्डलबाट बाहिर निकाल्छ। जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलको पाँचौं मूल्याङ्कन प्रतिवेदनअनुसार जीवाश्म इन्धन जलाउने कार्य तथा औद्योगिक प्रक्रियाहरूबाट हुने कार्बनडाइअक्साइड्को उत्सर्जनले सन् १९७० देखि सन् २०१० बीचमा भएको कुल हरितगृह ग्याँस उत्सर्जनमा लगभग ७८% योगदान पुऱ्याएको थियो।

**कार्बन बजार (वा कार्बन उत्सर्जन व्यापार)ः** हरितगृह ग्याँस उत्सर्जनमा सीमा कायम गर्ने र उक्त सीमा भन्दा कम उत्सर्जन गर्ने कम्पनी वा देशहरूले अन्य कम्पनी वा देशहरूलाई उत्सर्जन इकाईहरू बिक्री गर्न मिल्ने संयन्त्र। आफ्नो लक्ष्य पूरा नगर्ने देश र कम्पनीहरूले लक्ष्य र उत्सर्जन बीचको भिन्नता पूरा गर्नका निम्ति त्यस्ता उत्सर्जन इकाईहरू खरिद गर्न सक्छन्।

**जलवायु परिवर्तनः** तुलनायोग्य समयावधिहरूमा अवलोकन गरिएको जलवायुमा हुने प्राकृतिक परिवर्तनशीलताको अतिरिक्त प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव गतिविधिको कारण विश्वव्यापी वायुमण्डलको संरचनालाई हेरफेर गर्ने गरी जलवायुमा हुने परिवर्तन।[३]

[३] *जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका सन्धि, धारा १।*

**जलवायु वित्तः** यो शब्दावलीले विश्वव्यापी रूपमा जलवायु परिवर्तनलाई सम्बोधन गर्न समर्पित वित्तीय स्रोत तथा जलवायु परिवर्तनलाई सम्बोधन गर्न मद्दत गर्न विकासशील देशहरूमा गरिने वित्तप्रवाह दुवैलाई जनाउँछ।[४]

**जलवायु न्यायः** जलवायु सङ्कटका न्यायिक प्रभाव  र जलवायु परिवर्तनको लागि न्यायसङ्गत नीतिगत प्रतिकार्य योजना तर्जुमा गर्नुपर्ने आवश्यकताको बारेमा प्रकाश  पार्नका लागि नागरिक समाज संगठन र सामाजिक अभियानहरूद्वारा प्रयोग गरिएको शब्दावली। *ग्लोबल क्याम्पेन टु डिमान्ड क्लाइमेट जस्टिस्* (जलवायु न्यायको माग गर्ने विश्वव्यापी अभियान)द्वारा अनुमोदन गरिएको "क्लाइमेट जस्टिस सिलेबस (जलवायु न्याय पाठ्यक्रम)" नामक परियोजनाले जलवायु न्यायलाई "जलवायु परिवर्तनको विषय उत्सर्जन घटाउने र हाम्रो भौतिक वातावरणको विषय मात्र नभई राजनीतिक, नैतिक र सामाजिक विषय पनि हो भन्ने कुराको मान्यता" भनेर परिभाषित गरेको छ।[५] *मेरी रबिन्सन फाउन्डेसन-क्लाइमेट जस्टिस*को अनुसार "जलवायु न्यायले सबैभन्दा जोखिममा परेकाहरूको अधिकारको रक्षा गर्दै, जलवायु परिवर्तन एवं यसको समाधानको बोझ तथा फाइदाहरूलाई समुचित र न्यायिक तवरले बाँडफाँड गर्दै मानव केन्द्रित दृष्टिकोणको प्राप्तिको निम्ति मानव अधिकार र विकासलाई जोड्छ"।[६]

जलवायु सङ्कटको मूल कारणहरू र जलवायु परिवर्तनले देशभित्र र देशहरू बीचको असमानतालाई कसरी बढाउँछ भन्ने कुरामा जलवायु न्यायको दृष्टिकोण केन्द्रित रहन्छ।

जलवायु न्यायका मागहरू जलवायु सङ्कटबाट सबैभन्दा बढी प्रभावित समूह र समुदायहरूको दृष्टिकोण, ज्ञान र मागहरूअनुरूप जलवायु कार्यलाई केन्द्रित गर्न

---

[४] *जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल,* "*Climate Change 2014: Synthesis Report, Annex II: Glossary*", *ipcc.ch/site/assets/uploads/2018/02/AR5_SYR_FINAL_Annexes.pdf* ।

[५] *climatejusticesyllabus.org/ हेर्नुहोस्* ।

[६] *mrfcj.org/principles-of-climate-justice/ हेर्नुहोस्* ।

सुरु गरी माथि वर्णित असन्तुलन र अन्यायहरूलाई सम्बोधन गर्नुपर्ने अपरिहार्यतामा आधारित हुन्छन्। जलवायु न्याय प्राप्त गर्न लैङ्गिक, जातीय, वर्गीय, अपाङ्गता र अन्तरपुस्ता न्याय अपरिहार्य छ।

**साझा तर फरक फरक जिम्मेवारी र सम्बन्धित क्षमता:** जलवायु परिवर्तनलाई सम्बोधन गर्न विभिन्न देशहरूको फरक क्षमता र फरक जिम्मेवारीहरू रहेको हुन्छ भन्ने कुरा स्वीकार गर्ने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय खाका सन्धि तथा वृहत्तर अन्तर्राष्ट्रिय कानूनअन्तर्गतको सिद्धान्त। सन् २०१४ मा लिमामा आयोजित भएको कोप २० मा पक्ष राष्ट्रहरूको बैठकले "विभिन्न राष्ट्रिय परिस्थितिहरूको आधारमा साझा तर भिन्न जिम्मेवारी र सम्बन्धित क्षमता"को रूपमा यस सिद्धान्तलाई सूत्रबद्ध गर्न सहमति गरेको थियो। यसै सूत्रलाई पेरिस सम्झौतामा अपनाइयो। यस सिद्धान्त मानवअधिकार कानूनमा पनि अप्रत्यक्ष रूपमा प्रतिबिम्बित रहेको छ।

**पक्ष राष्ट्रहरूको सम्मेलन (कोप):** जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय खाका महासन्धिका सबै पक्ष राष्ट्रहरूको प्रतिनिधित्व हुने उक्त महासन्धिको गभर्निङ्ग निकाय। यसले महासन्धि एवं कोप स्वयंले आफ्नो आवधिक बैठकहरूमा लिएका निर्णयहरूद्वारा अपनाइएका अन्य कानुनी दस्तावेजहरूको कार्यान्वयनलाई अगाडि बढाउने कार्य गर्दछ। पक्षहरूले अन्यथा निर्णय नगर्दासम्म कोपको बैठक प्रत्येक वर्ष बस्छ।

**वन विनाश:** वन क्षेत्रलाई कृषि भूमि, खेतीपाती, शहरी उपयोग, फँडानी गरिएको क्षेत्र वा फोहोर थुपार्ने जमिन जस्ता गैर वन भू-उपयोगको लागि परिणत गर्ने कार्य। वन विनाशको प्रमुख कारक पाम, सोया, मासु र दुग्ध उत्पादन जस्ता औद्योगिक कृषि व्यवसाय हो।[७] विश्व खाद्य संगठनका अनुसार वनलाई अरू कुनै भू-उपयोगका निम्ति परिणत गर्नु वा दीर्घकालीन रूपमा रूखले ढाकेको

[७] *ग्रीनपिस, Agribusiness and Deforestation*, greenpeace.org/usa/forests/issues/agribusiness/ ।

क्षेत्र १०% को मापदण्डभन्दा कम पारिँदै जानुलाई वन विनाश भनिन्छ। वन विनाशले दीर्घकालीन (१० वर्षभन्दा धेरै) समयका लागि वा स्थायी रूपमा भएको वन क्षेत्रको क्षतिलाई जनाउँछ।[८]

**विकासशील देशहरूः** यो दस्तावेजमा "विकासशील देशहरू" भन्नाले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको अनुसूची-१ मा समावेश नगरिएका देशहरूलाई जनाउँदछ।[९] यद्यपि विकासशील देशहरू बीच पनि धेरै भिन्नताहरू रहेका छन्। अनुसूची-१ मा समावेश नगरिएका धेरै देशहरूलाई विश्व बैंकले उच्च-मध्यम आय मुलुकको रूपमा वर्गीकरण गरेको छ।[१०] विश्व बैंकले उच्च-मध्यम आय मुलुकको रूपमा वर्गीकरण गरेका र जी २० मा पनि समावेश भएका देशहरूलाई यस दस्तावेजले "ठूलो सम्भावना भएका विकासशील देशहरू" भनी वर्गीकरण गरेको छ। ती देशहरूमा अन्य विकासशील देशहरूको तुलनामा मानवअधिकार सङ्गत तवरले नवीकरणीय उर्जामा छिटो अवास्थान्तरण हुने जिम्मेवारी रहेको हुन्छ। यी देशहरूमा अर्जेन्टिना, ब्राजिल, चीन, मेक्सिको, दक्षिण अफ्रिका र दक्षिण कोरिया रहेका छन्।

**पारिस्थितिकीय प्रणाली (इकोसिस्टम)ः** जीवहरू, तिनीहरूको निर्जीव वातावरण र तिनीहरू आफैं भित्र र आपसमा हुने अन्तर्क्रिया सम्मिलित एक कार्यात्मक एकाइ।[११]

**उत्सर्जनको अन्तरः** विश्वव्यापी तापमान वृद्धिलाई पूर्व-औद्योगिक स्तर भन्दा २°C/१.५°C भन्दा कममा सीमित गर्नका लागि कति उत्सर्जन कटौती

---

[८] *संयुक्त राष्ट्रसङ्घ खाद्य तथा कृषि संस्था, Manual on Deforestation, Degradation and Fragmentation Using Remote Sensing and GIS,* 2007, fao.org/forestry/18222-045c26b711a976bb9d0d17386ee8f0e37.pdf ।

[९] *unfccc.int/parties-observers हेर्नुहोस्* ।

[१०] *data.worldbank.org/income-level/upper-middle-income हेर्नुहोस्* ।

[११] *जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल, "Special Report on Climate Change and Land, Glossary" (यस अघिपनि उद्धृत गरिएको)* ।

आवश्यक छ भन्ने बारे नवीनतम बुझाइ र उत्सर्जन कटौतीसम्बन्धी सरकारहरूद्वारा व्यक्त गरिएको प्रतिबद्धता बीचको भिन्नता।[१२]

**वातावरणीय मानवअधिकार रक्षकहरू:** वातावरणसँग सम्बन्धित मानवअधिकारको संरक्षण र प्रवर्धन गर्न शान्तिपूर्ण रूपमा प्रयासरत मानवअधिकार रक्षकहरू। सुरक्षित जलवायु र भूमिमा पहुँच लगायत स्वस्थ वातावरणको अधिकार प्रायः एक अर्कासँग सम्बन्धित रहेको हुनाले यस शब्दावलीमा जलवायु न्याय, भूमिमा पहुँच र स्वस्थ वातावरणका लागि संघर्षरत सबैलाई समावेश गरेका छौं।

मानवअधिकार रक्षकहरूले आफ्नो गतिविधि व्यक्तिगत वा व्यावसायिक हैसियतमा एकल वा सामूहिक रूपमा गर्न सक्छन्। उनीहरू पत्रकार, वकिल वा वातावरणीय विनाश वा अवैध भूमि कब्जाको पर्दाफास गर्ने र विरोध गर्ने वा जलवायु कार्यको लागि लड्ने साधारण व्यक्तिहरू हुन सक्छन्। उनीहरू धेरैजसो दुर्गम गाउँ, वन वा पहाडी क्षेत्रमा बसोबास गर्दछन्। उनीहरूमा व्यावसायिक वस्तुपालन, खेतीपाती, खानी, बाँध र जीवाश्म इन्धन उद्योगहरू जस्ता हानिकारक औद्योगिक प्रभावहरू विरुद्ध आफ्नो परम्परागत भूमिको रक्षा गर्ने आदिवासी समुदायका सदस्यहरू समावेश छन्।

**चरम मौसम र जलवायु घटनाहरू:** जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (Intergovernmental Panel on Climate Change (IPCC)) ले चरम मौसम वा जलवायु घटनालाई "अवलोकन गरिएको मौसमको दर वा जलवायुको परिवर्तनशीलताको उपल्लो दायरा भन्दा माथि वा तल्लो दायरा भन्दा तलको स्तरमा मौसमको दर वा जलवायुको परिवर्तनशीलता उत्पन्न

[१२] *संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रमको परिभाषाका निम्ति संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रम, “Emission Gap Report 2020, Executive Summary”, २०२०, unenvironment.org/emissions-gap-report-2020 हेर्नुहोस्* ।

हुनु " को रूपमा परिभाषित गर्दछ।[१३] यसले यो पनि बताउँछ कि केही चरम जलवायुहरू (उदाहरणका लागि खडेरी, बाढी) मौसम वा जलवायु घटनाहरूको संचयको परिणाम हुन सक्छ जुन एकल रूपमा चरम होइन (यद्यपि तिनीहरूको संचय चरम छ)। साथै, मौसम वा जलवायु घटनाहरू, सांख्यिकीय अर्थमा चरम नभए पनि तिनले सामाजिक, पारिस्थितिक वा भौतिक प्रणालीमा एक संबेदनशील स्तर पार गरेर वा अन्य घटनाहरूसँग एकैसाथ घटेर पनि चरम अवस्था वा प्रभावहरू निम्त्याउन सक्छन्। कुनै एक चक्रवात अन्य ट्रपिकल चक्रवातहरू भन्दा तुलनात्मक रूपमा चरम नभए पनि त्यसले कहाँ र कहिले समुद्री तट छुन्छ भन्ने आधारमा ट्रपिकल चक्रवात जस्तो मौसम प्रणालीले अत्यधिक प्रभाव पार्न सक्छ। सबै (जलवायु) चरमताहरूले गम्भीर प्रभावहरू निम्त्याउछन् भन्ने कुरा निश्चित छैन।[१४] चरम मौसम र जलवायु घटनाहरू सामान्यतया द्रूत-सुरु हुने घटनाहरू र बिस्तारै-सुरु हुने घटनाहरूमा विभाजित हुन्छन् (तल परिभाषाहरू हेर्नुहोस्)। जलवायु परिवर्तनको वर्तमान दरहरूले "मौसम र जलवायु चरमताको आवृत्ति, तीव्रता, भौगोलिक क्षेत्रफल, अवधि र समयमा परिवर्तनहरू निम्त्याउँदैछ र यसले अभूतपूर्व चरमताहरू निम्त्याउन सक्छ" भन्ने आईपीसीसीले निष्कर्ष निकालेको छ।[१५]

**विश्वव्यापी तापक्रम वृद्धि (ग्लोबल वार्मिङ्ग):** पूर्व-औद्योगिक अवधि (१८५०-१९०० भन्दा अगाडिको समय) यता मानव गतिविधिहरूको कारणले सिर्जित

---

[१३] *जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल, "Special Report on Managing the Risks of Extreme Events and Disasters to Advance Climate Change Adaptation, Summary for Policymakers", २०१२, ipcc.ch/site/assets/uploads/2018/03/SREX_FD_SPM_final-2.pdf, पृष्ठ ३ ।*

[१४] *जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल, "Special Report on Managing the Risks of Extreme Events and Disasters to Advance Climate Change Adaptation", च्याप्टर ३, ipcc.ch/site/assets/uploads/2018/03/SREX-Chap3_FINAL-1.pdf, पृष्ठ ११६-११७ ।*

[१५] *जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल, "Special Report on Managing the Risks of Extreme Events and Disasters to Advance Climate Change Adaptation, Summary for Policymakers" (यसअघि पनि उद्दृत गरिएको), पृष्ठ ५ ।*

दीर्घकालीन रूपमा हुने पृथ्वीको जलवायु प्रणालीको तापक्रम वृद्धि।[१६] "विश्वव्यापी तापक्रम वृद्धि" र "जलवायु परिवर्तन" लाई पर्यायवाचीको रूपमा प्रयोग गर्न मिल्दैन किनभने पछिल्लो शब्दावलीले अझ बढी विस्तृत अर्थ राख्दछ।

जलवायु परिवर्तनले बढ्दो औसत तापक्रम (विश्वव्यापी तापक्रम वृद्धि) मात्र नभई चरम मौसमी घटनाहरू, समुद्री सतहको वृद्धि र यस्तै अन्य प्रभावहरूलाई पनि समेट्दछ ("द्रुतरूपमा बढ्ने घटनाहरू" र "ढिलोगरी बढ्ने घटनाहरू"को परिभाषाहरू हेर्नुहोस्)। विश्वव्यापी तापक्रम वृद्धिलाई सामान्यतया पृथ्वीको विश्वव्यापी सतहको तापक्रमको औसत वृद्धिको रूपमा मापन गरिन्छ।[१७] यद्यपि IPCC ले "विश्वव्यापी तापक्रम वृद्धि (Global Warming)" प्रयोग गर्छ तर केही वैज्ञानिकहरूका अनुसार "विश्व तातिनु (Global Heating)" अझ सटीक शब्द हो र यसले समस्याको तहलाई अझ स्पष्ट रूपमा दर्शाउँछ। यो दस्तावेजमा "विश्वव्यापी तापक्रम वृद्धि (Global Warming)" र "विश्व तातिनु (Global Heating)"लाई पर्यायवाचीको रूपमा प्रयोग गरिएको छ।

**हरितगृह ग्याँस उत्सर्जनः** तातोपना (लामो लहरको विकिरण) लाई सोस्न सक्ने वायुमण्डलमा रहेका रसायनहरू जुन वायुमण्डलमा नभएको भए पृथ्वी सतह हालको भन्दा कम तातो हुन्थ्यो। मानव गतिविधिको परिणामस्वरूप उत्सर्जन भएका यी ग्याँसहरू पृथ्वीको तापक्रम बढाउने हरितगृह प्रभावको आधारभूत कारक हो।

---

[१६] *नासा, "Overview: Weather, global warming and climate change", climate.nasa.gov/resources/global-warming-vs-climate-change/* ।

[१७] *नेसनल जियोग्राफिक, "What is global warming, explained", २२ जनवरी २०१९, nationalgeographic.com/environment/article/global-warming-overview* ।

वायुमण्डलमा हरितगृह ग्याँस उत्सर्जनको परिमाणमा वृद्धिले हरितगृह प्रभावलाई बढाउँछ र फलस्वरूप यसले विश्वव्यापी तापक्रम वृद्धि र जलवायु परिवर्तन सिर्जना गरिरहेको छ।

कार्बनडाइअक्साइड् मानव गतिविधिद्वारा उत्सर्जित सबैभन्दा महत्त्वपूर्ण हरितगृह ग्याँस हो। अन्य मुख्य हरितगृह ग्याँसहरू मिथेन र नाइट्रस अक्साइड हुन्। हाइड्रोफ्लोरोकार्बन, परफ्लुरोकार्बन र सल्फर हेक्साफ्लोराइड कम परिमाणमा भए पनि अधिक शक्तिशाली हरितगृह ग्याँसहरू हुन्।

**जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलः** प्राकृतिक तथा मानव प्रणालीहरूमा जलवायु परिवर्तनको प्रभावलाई विश्लेषण गर्न वस्तुनिष्ठ वैज्ञानिक आधार प्रदान गर्नका निम्ति १९५ सदस्य राष्ट्रहरू सम्मिलित एक अग्रणी अन्तर्राष्ट्रिय निकाय। प्यानलले विश्वव्यापी रूपमा हजारौं अध्ययनहरूमार्फत जलवायु परिवर्तनको बुझाइसँग सम्बन्धित सबैभन्दा नयाँ वैज्ञानिक, प्राविधिक र सामाजिक-आर्थिक जानकारीको समीक्षा र विश्लेषण गर्दछ। यस प्यानलको मूल्याङ्कन प्रतिवेदनहरूलाई सबै सदस्य राष्ट्रहरूले अनुमोदन गर्छन्। तसर्थ यसका प्रतिवेदनहरूले विशेष महत्त्व राख्छन् र यसमा अदालतहरू पनि भर परेका छन्। प्यानलले हरितगृह ग्याँस उत्सर्जनको परिमाणको विभिन्न स्तरहरूका लागि जोखिमहरूको मूल्याङ्कन लगायतको कामहरू गर्दछ तर यसले तापक्रम वृद्धिको "सुरक्षित" स्तर के हो भन्ने बारे कुनै धारणा राख्दैन।[१८]

**न्यायोचित अवस्थानान्तरण (Just transition):** "न्यायोचित अवस्थानान्तरण" को अवधारणा ट्रेड युनियनहरूबाट उत्पन्न भएको हो र यसलाई मूलतः वातावरण संरक्षण नीतिहरूको कारण आफ्नो रोजगार  गुमाउने श्रमिकहरूको लागि सहयोग कार्यक्रमको रूपमा परिकल्पना गरिएको थियो।

---

[१८] *ipcc.ch/about/ हेर्नुहोस्* ।

समय बित्दै जाँदा यो शब्द युनियन र उनीहरूका साझेदारहरूले "वातावरणीय र सामाजिक रूपमा दिगो रोजगार, क्षेत्र र अर्थतन्त्रहरूमा अवस्थानान्तरणको लागि योजना र लगानी गर्न विचारपूर्वक गरेको प्रयास" लाई बुझाउन थप व्यापक रूपमा प्रयोग गर्न थालेका छन्।[१९]

सबैका लागि वातावरणीय रूपमा दिगो अर्थतन्त्र र समाजहरूतर्फ न्यायोचित अवस्थानान्तरणका लागि[२०] सन् २०१५ को आइएलओ निर्देशनहरूले न्यायोचित अवस्थानान्तरणका लागि एक दृष्टिकोण र प्रारूप प्रदान गरेको छ जसलाई ट्रेड युनियन, रोजगारदाता र सरकारद्वारा व्यापक रूपमा स्वीकार गरिएको छ। यसले वातावरणीय, सामाजिक र आर्थिक मुद्दाहरूलाई सँगै सम्बोधन गर्ने खालको दिगो प्रणालीप्रतिको समष्टिगत अर्थव्यवस्थाको अवधारणा उपलब्ध गराउँदछ। जलवायु परिवर्तनको सन्दर्भमा एम्नेस्टी इन्टरनेसनलले अन्तर्राष्ट्रिय श्रम संगठनका निर्देशिकाहरूलाई समर्थन गर्दछ र न्यायोचित अवस्थान्तरणलाई मानवअधिकार-सम्बद्ध जलवायु कार्यको मुख्य पक्षको रूपमा र कार्बनरहित अर्थतन्त्र तथा लचिलो समाजको अवस्थान्तरण सबैका लागि न्यायोचित र निष्पक्ष छ र राज्यहरूको मानवअधिकार दायित्वहरू अनुरूप छ भनी सुनिश्चित गर्ने प्रक्रिया र दृष्टिकोणको रूपमा हेर्दछ, र लैंगिक, जातीय, अपाङ्गता र अन्तर-पुस्ता समानता प्रवर्धन सहित राष्ट्रहरू भित्र र बीचमा विद्यमान असमानताहरू विरुद्ध लड्ने अवसरहरू सृजना गर्दछ।

**भू-क्षयीकरणः** जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलको जलवायु परिवर्तन र भूमिसम्बन्धी विशेष प्रतिवेदनमा भू-क्षयीकरणलाई मानव सिर्जित जलवायु परिवर्तन लगायतका प्रत्यक्ष वा अप्रत्यक्ष मानवीय प्रक्रियाहरूबाट उत्पन्न हुने र निम्न कुराहरूमध्ये कम्तिमा कुनै एकमा दिर्घकालीन रूपमा ह्रास

[१९] *अन्तर्राष्ट्रिय ट्रेड युनियन केन्द्रजस्ट ट्रान्जिसन सेन्टर, “Just Transition: A Report for the OECD”, २०१७, oecd.org/environment/cc/g20-climate/collapsecontents/Just-Transition-Centre-report-just-transition.pdf* ।

[२०] *ilo.org/wcmsp5/groups/public/---ed_emp/---emp_ent/documents/publication/wcms_432859.pdf हेर्नुहोस्* ।

हुने वा गुम्ने गरी प्रस्तुत हुने भूमिको अवस्थामा हुने नकारात्मक प्रवृत्तिको रूपमा परिभाषित गरिएको छः जैविक उत्पादकत्व, पारिस्थिकीय प्रणालीको अखण्डता वा मानवजातिको लागि पारिस्थिकीय प्रणालीको मूल्य। यो परिभाषा वन तथा गैर वन दुवै प्रकारको भूमिको लागि लागु हुन्छ।[२१]

**न्यूनीकरण (जलवायु परिवर्तन न्यूनीकरण):** जलवायु परिवर्तनलाई रोक्नको निम्ति हरितगृह ग्याँसहरूको उत्सर्जन कटौती गर्ने वा रोक्ने प्रयासहरू। उदाहरणका लागि जीवाश्म इन्धनहरू चरणबद्ध रूपमा कटौती गर्ने र नवीकरणीय ऊर्जामा अवास्थान्तरण हुने, ऊर्जा प्रयोगको दक्षता सुधार गर्ने, व्यवस्थापन अभ्यासहरू वा उपभोक्ता व्यवहार परिवर्तन गर्ने, भवनहरू इन्सुलेट गर्ने, कम कार्बन उत्सर्जन गर्ने सार्वजनिक यातायातमा लगानी गर्ने, कृषि-पारिस्थिकीय जस्ता दिगो कृषि अभ्यासहरू प्रवर्धन गर्ने र वन तथा कार्बन “सिङ्क” (कार्बन सोस्ने कुराहरू) हरूको संरक्षण, पुनर्स्थापना र विस्तार गर्ने कार्यहरू समावेश छन्।

**राष्ट्रिय रूपमा निर्धारित योगदान:** पेरिस सम्झौतालाई अनुमोदन गर्ने देशहरूले राष्ट्रिय रूपमा निर्धारण गरिएको उत्सर्जन कटौतीको लक्ष्य र उक्त लक्ष्य पूरा गर्न प्रत्येक राष्ट्रिय सरकारले चाहेका कार्यहरू। पेरिस सम्झौताअन्तर्गत सरकारहरूले प्रत्येक पाँच वर्षमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघको खाका सन्धिको सचिवालयमा त्यस अगाडि राष्ट्रिय रूपमा निर्धारण गरिएका योगदान भन्दा प्रगतिशील नयाँ राष्ट्रिय रूपमा निर्धारित योगदान पेश गर्नुपर्ने हुन्छ।[२२]

**खूद-शून्य उत्सर्जन:** कार्बन उत्सर्जनको परिमाण र वायुमण्डलबाट कार्बन हटाएर प्राप्त गरिएको ऋणात्मक उत्सर्जनको परिमाण बीच एक निश्चित

[२१] *जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल, Special Report on Climate Change and Land, Glossary (यसअघि उद्दृत गरिएको)* ।

[२२] *पेरिस सम्झौता, धारा ४.२ र ४.९* ।

अवधिमा कायम गरिने सन्तुलन। खुद-शून्य उत्सर्जन हासिल गर्नुलाई "कार्बन तटस्थता" पनि भनिन्छ।

**द्रुत रूपमा बढ्ने घटनाः** "केही दिन वा केही घण्टामै घट्ने एकल पृथक घटना"[२३] को रूपमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका सन्धिले परिभाषा गरेको चरम मौसम र चरम जलवायु घटना। द्रुतरूपमा बढ्ने घटनाका उदाहरणहरूमा अत्यधिक गर्मी, डँढेलो र ट्रपिकल आँधिबाट सिर्जना हुने चरम वर्षा पर्दछन्।

**वन पुनरुत्थानः** पहिले वन रहेको तर पछि कुनै अन्य भू-उपयोगको लागि प्रयोग गरिएको भूमिलाई वनमा परिणत गर्ने कार्य।[२४]

**नवीकरणीय ऊर्जाः** निरन्तर पुनःपूर्ति हुने किसिमको प्राकृतिक स्रोत वा प्रक्रियाहरूबाट उत्पादित ऊर्जा। नवीकरणीय ऊर्जा जीवाश्म इन्धनहरूबाट प्राप्त हुने तेल, ग्याँस र कोइला जस्ता गैर-नवीकरणीय ऊर्जाको ठीक विपरीत रहेको हुन्छ। ऊर्जाका गैर-नवीकरणीय स्रोतहरू सीमित मात्रामा मात्र उपलब्ध छन् र यो पुनःपूर्ति गर्न लामो समय लाग्छ र जलवायु परिवर्तनमा यसको मुख्य योगदान हुन्छ।

**ढिलोगरी हुने घटनाहरूः** समुद्री सतहको वृद्धि, बढ्दो तापक्रम, महासागरको अम्लीयकरण (एसिडीफिकेसन), हिमनदी पग्लिने र यससँग सम्बन्धित अन्य प्रभावहरू, माटोमा नुनको मात्रामा वृद्धि, भूमि तथा वनको क्षयीकरण, जैविक विविधतामा क्षति र मरूभूमिकरण जस्ता "कैयौं वर्षको अवधिमा बिस्तारै वृद्धि

---

[२३] *जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका सन्धि, "Slow Onset Events: Technical Paper", २६ नोभेम्बर २०१२, UN Doc. FCCC/TP/2012/7, हरफ २० ।*

[२४] *"Special Report on Climate Change and Land, Glossary" (यसअघि उद्धृत गरिएको) हेर्नुहोस् ।*

हुने वा पुनरावृत्ति भैरहने घटनाहरूको बढ्दो निरन्तरता र तीव्रताबाट हुने परिवर्तनस्वरूप" हुने चरम मौसम तथा जलवायु घटना।[२५]

**जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका सन्धि:** जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीहरूको सामना गर्नको निम्ति अन्तरसरकारी प्रयासहरूको समग्र रूपरेखा तय गर्नेगरी सन् १९९२ मा अवलम्बन गरिएको र त्यसको दुई वर्षपछि कार्यान्वयनमा आएको महासन्धि। यसले जलवायु प्रणाली एक साझा स्रोत रहेको र जलवायु प्रणालीको स्थिरता कार्बनडाइअक्साइड् र अन्य हरितगृह ग्याँसहरूको औद्योगिक वा अन्य उत्सर्जनबाट प्रभावित हुन सक्छ भन्ने मान्यता राख्दछ। जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूबाट विशेष रूपमा जोखिममा रहेका विकासशील पक्ष राष्ट्र र विशेषगरी यस महासन्धिअन्तर्गत असमानुपातिक र असाधारण भार वहन गर्नुपर्ने विकासशील पक्षराष्ट्रहरूको खास आवश्यकता र विशेष परिस्थितिहरूलाई पूर्ण रूपमा विचार गर्नु पर्ने कुराको महत्त्वलाई पनि यसले स्वीकार गरेको छ।[२६] यो महासन्धिले लगभग विश्वव्यापी सदस्यता प्राप्त गरेको छ।

**धनी औद्योगिक राष्ट्रहरू:** यो दस्तावेजमा "धनी औद्योगिक राष्ट्रहरू" भन्नाले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको अनुसूची-१ मा समावेश गरिएका देशहरूलाई जनाउँदछ।[२७]

**शून्य उत्सर्जनः** मानव गतिविधिहरूद्वारा उत्पादित वा मानव गतिविधिहरूको परिणामस्वरूप वायुमण्डलमा हरितगृह ग्याँसहरूको कुनै पनि नयाँ उत्सर्जन नै नहुने अवस्थालाई जनाउँछ। यो खूद-शून्य उत्सर्जन भन्दा फरक छ (माथि हेर्नुहोस्)।

---

[२५] *जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका सन्धि, "Slow Onset Events: Technical Paper, २६ नोभेम्बर २०१२", UN Doc. FCCC/TP/2012/7* ।

[२६] *जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका सन्धि, धारा ३(२)* ।

[२७] *unfccc.int/parties-observers हेर्नुहोस्* ।

# एम्नेस्टी इन्टरनेसनल मानवअधिकारका लागि एउटा विश्वव्यापी अभियान हो। कोही एकजनालाई अन्याय हुँदा त्यो हामी सबैको चासोको विषय बन्छ।


**हामीलाई सम्पर्क गर्नुहोस्**

info@amnesty.org

+44 (0)20 7413 5500

**संवादमा भाग लिनुहोस्**

www.facebook.com/Amnesty

@Amnesty

**नेपाल शाखा**

info@amnestynepal.org

+977 1 4964706 / 4965431

www.facebook.com/AmnestyNepal

@AmnestyNepal

# हाम्रो अधिकारलाई जलाउन बन्द गर!

## मानव जातिलाई जलवायु सङ्कटबाट बचाउन सरकार र व्यापारिक प्रतिष्ठानहरूले के गर्नुपर्छ ?

जलवायु सङ्कट अभूतपूर्व अनुपातको मानवअधिकार सङ्कट हो । यसले पहिले नै लाखौं मानिसहरूको जीवनमा विनाश गरिरहेको छ, असमानता र विभेदलाई गहिरो बनाइरहेको छ, हाम्रो अधिकांश अधिकारहरूको उपभोग एवं मानव जातिको भविष्यलाई नै खतरामा पारिरहेको छ ।

मानिस र पृथ्वी उपरको सबैभन्दा विनाशकारी प्रभावहरूबाट बच्नका निम्ति आवश्यक पर्ने प्रयासहरूको तुलनामा जलवायु परिवर्तनलाई सम्बोधन गर्न राज्यहरूले गरिरहेका प्रयासहरू असाध्यै न्यून छन् । अन्तर्राष्ट्रिय कानुनअन्तर्गत उनीहरूको कर्तव्यहरूको बावजुद अधिकांश धनी औद्योगिक देशहरूले पर्याप्त मात्रामा उत्सर्जन कटौती गर्न र विकासशील देशहरूलाई शून्य-कार्बन अर्थतन्त्र र सबल समाजहरूमा अवास्थान्तरण गर्नका लागि आवश्यक पर्ने वित्तप्रवाह र सहयोग प्रदान गर्न असफल भइरहेका छन् ।

कार्बन उत्सर्जन घटाउन पर्याप्त कदम चाल्न असफल हुँदा, जीवाश्म इन्धनहरू द्रुत रूपमा बन्द गर्ने, मानिसहरूलाई जलवायु परिवर्तनसँग अनुकूलन गर्न सहायता प्रदान गर्ने र जलवायुसँग सम्बन्धित प्रभावहरूबाट हुने हानि तथा क्षतिहरूको लागि उपचार उपलब्ध गराउने कार्यहरू गर्न राज्यहरू असफल हुँदा उनीहरूले मानवअधिकार उल्लङ्घन गरेको ठहरिन्छ । व्यवसायहरूले उत्सर्जन तथा वातावरणलाई हानिकारक हुने अन्य अभ्यासहरू घटाउन असमर्थ रहँदा उनीहरूले मानवअधिकारको दुरुपयोग गरेको ठहरिन्छ ।

यस प्रकाशनले जलवायु सङ्कट विरुद्धको संघर्षमा राज्यहरूको मानवअधिकार दायित्व र व्यवसायहरूको जिम्मेवारीहरूलाई औंल्याउँछ र हाम्रो अर्थतन्त्र र समाजको द्रुत र निष्पक्ष डिकार्बोनाइजेसनका लागि मानवअधिकार कसरी आवश्यक छ भनेर चित्रण गर्दछ ।

इन्डेक्सः POL/30/3476/2021
प्रतिवेदन प्रकाशित भएको भाषाः अंग्रेजी
प्रस्तुत दस्तावेजः नेपाली भाषामा अनुवादित संस्करण

amnestynepal.org